### कार्यपालिका र न्यायपालिकाबीच शक्ति सन्तुलन र नियन्त्रण

| नेपालको कार्यपालिका | नेपालको न्यायपालिका |
|---|---|
| संघीय कार्यपालिका<br>(मन्त्रिपरिषद/धारा ७५)<br>↓<br>प्रदेश कार्यपालिका<br>(प्रदेश मन्त्रिपरिषद/धारा १६२)<br>↓<br>स्थानीय कार्यपालिका<br>(गाउँ कार्यपालिका र नगर कार्यपालिका/धारा २१४) | (धारा १२७ र १५२)<br>सर्वोच्च अदालत<br>↓<br>उच्च अदालत<br>↓<br>जिल्ला अदालत<br>(माथि उल्लेखित नियमित अदालत बाहेकका स्थानीय न्यायिक निकाय, ADR अवलम्बन गर्ने अन्य निकाय र विशिष्टीकृत अदालत समेत) |

★ कार्यपालिकाले गरेका कामकारबाही उपर न्यायिक पुनरावलोकन न्यायपालिकाले गर्दछ भने न्यायपालिकाको लागि आवश्यक पर्ने जनशक्ति तथा आर्थिक स्रोत साधन (बजेट) को व्यवस्था कार्यपालिकाले गर्दछ (धारा १३३ र १४४)।

★ प्रधानमन्त्रीको अध्यक्षतामा गठित हुने संवैधानिक परिषदमा प्रधानन्यायाधिश समेत सदस्य रहने व्यवस्था छ (धारा २८४) भने प्रधानन्यायाधिशको अध्यक्षतामा गठित हुने न्यायपरिषद् र न्यायसेवा आयोगमा संघीय कानुन तथा न्याय मन्त्री समेत रहने व्यवस्था छ (धारा १५३ र १५४)।

★ नेपाल सरकारले कानुन तथा न्यायमन्त्री समेत सदस्य रहेको संवैधानिक परिषदले प्रधान न्यायाधिशको नियुक्तिको सिफारिस गर्ने (धारा २८२(२)) त्यस्तै गरी न्याय परिषद तथा न्यायसेवा आयोगमा सदस्यको रुपमा रहेर कानुन तथा न्यायमन्त्रीले न्यायपालिकाको महत्वपूर्ण नियुक्ति तथा सरुवा बढुवा सम्बन्धी कार्य गर्ने व्यवस्था (धारा १५३ र १५४)।

★ अदालतहरुबाट भएका फैसला तथा अन्तिम आदेशहरु कार्यपालिकाले मान्नुपर्ने यदि पालना नगरेमा/नमानेमा अदालतले अपहेलना मा कारबाही गर्न सक्ने व्यवस्था (धारा १२८(४))।

★ सर्वोच्च अदालतले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ (धारा १३८) भने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त कार्यपालिकाले मान्नुपर्ने संवैधानिक व्यवस्था पनि रहेको छ।

★ नेपाल सरकारले न्यायपरिषद्सँग परामर्श गरी सर्वोच्च अदालतबाट न्यायाधिश (धारा १३२), उच्च अदालतको न्यायाधिश (धारा १४३) र जिल्ला अदालतको न्यायाधिश (धारा १५०) लाई न्यायिक जाँचबुझको काममा वा केही खास अवधिका लागि कानुन वा न्याय सम्बन्धी अनुसन्धान वा अन्वेषणको कुनै काममा खटाउन सक्ने व्यवस्था रहेको छ।

★ राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा एक जना कानुनविद्लाई न्याय परिषदको सदस्यको रुपमा नियुक्त गर्ने व्यवस्था (धारा १५३)।

★ अदालतबाट भएका आदेश तथा निर्णयहरुको कार्यान्वयन अर्थात् फैसला कार्यान्वयनमा कार्यपालिका अन्तर्गतका निकायहरुको महत्वपूर्ण भूमिका रहने व्यवस्था रहेको।

★ संघीय कानुन तथा न्यायमन्त्रीको अलावा लोक सेवा आयोगको अध्यक्ष र नेपाल सरकारको मुख्य कानुनी सल्लाहकारको रुपमा रहने महान्यायाधिवक्ताले समेत न्याय सेवा आयोगको सदस्य रही काम गर्ने व्यवस्था (धारा १५४)।

★ न्यायपालिकाले संविधान र कानुनको व्याख्या र महत्वपूर्ण घटनामा विज्ञ सेवा प्रदान गरी कार्यपालिकाको कार्यमा सहयोग पुऱ्याउन सक्दछ।

★ शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी प्रधान न्यायाधीशको हकमा संवैधानिक परिषद र सर्वोच्च अदालतको न्यायाधीशको हकमा न्याय परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गर्न सक्ने व्यवस्था (धारा १३१ (घ))।

### व्यवस्थापिका र न्यायपालिकाबीच शक्ति सन्तुलन र नियन्त्रण

| नेपालको व्यवस्थापिका | नेपालको न्यायपालिका |
|---|---|
| संघीय व्यवस्थापिका<br>(प्रतिनिधि सभा र राष्ट्रिय सभा / धारा ८३)<br>↓<br>प्रदेश व्यवस्थापिका<br>(प्रदेश सभा/धारा १७५)<br>↓<br>स्थानीय व्यवस्थापिका<br>(गाउँ सभा र नगर सभा/ धारा २२१) | (धारा १२७ र १५२)<br>सर्वोच्च अदालत<br>↓<br>उच्च अदालत<br>↓<br>जिल्ला अदालत<br>(माथि उल्लेखित नियमित अदालत बाहेकका स्थानीय न्यायिक निकाय, ADR अवलम्बन गर्ने अन्य निकाय र विशिष्टीकृत अदालत समेत) |

Question Bank Nepal

★ व्यवस्थापिकाले नेपालको प्रधान न्यायाधिश वा सर्वोच्च अदालतको न्यायाधिश उपर महाअभियोगको प्रस्ताव पारित गरी पदमुक्त गर्न सक्ने व्यवस्था रहेको (धारा १०१ को उपधारा (२)) ।

★ ६ सदस्यीय संवैधानिक परिषद्मा ३ जना सदस्य ( प्रतिनिधि सभाका सभामुख, उपसभामुख र राष्ट्रिय सभाका अध्यक्ष) व्यवस्थापिकाका रहने र यही परिषदले नेपालको प्रधानन्यायाधिशको नियुक्तिको सिफारिस गर्ने व्यवस्था (धारा २८४) ।

★ न्यायपालिकासँग सम्बन्धित कानुनको निर्माण तथा संशोधन गर्ने र न्यायपालिकाको बजेट पास गर्ने कार्य व्यवस्थापिकाबाट हुने संवैधानिक व्यवस्था रहेको ।

★ न्यायपालिकाले पनि संविधान तथा कानुनको व्याख्या, नजीर प्रतिपादन गरी कानुनको रिक्तता पूर्ति गर्ने जस्ता महत्वपूर्ण कार्य गरी व्यवस्थापिकाको कार्यमा सहयोग गर्ने व्यवस्था । (धारा १२८, १३३ र १४४) ।

★ सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने यस्तो प्रतिवेदन राष्ट्रपतिले प्रधानमन्त्री मार्फत संघीय व्यवस्थापिका समक्ष पेश गर्ने र उक्त वार्षिक प्रतिवेदन माथि छलफल हुँदा संघीय संसदले कुनै सुझाव दिन आवश्यक देखेमा कानुन तथा न्याय मन्त्रालय मार्फत सम्बन्धित निकायमा सुझाव दिन सक्ने व्यवस्था (धारा १३८) ।

★ नेपालको प्रधानन्यायाधिश, सर्वोच्च अदालत तथा अन्य अदालतका न्यायाधिशको पारिश्रमिक र सेवाका अन्य शर्तहरु संघीय संसदले बनाएको संघीय कानुन बमोजिम हुने व्यवस्था र चरम आर्थिक विश्रृखंलताका कारण संकटकाल घोषणा भएको अवस्थामा बाहेक माथि उल्लेखित न्यायाधिशहरुलाई मर्का पर्ने गरी निजको पारिश्रमिक र सेवाका अन्य शर्त परिवर्तन नगरिने संवैधानिक व्यवस्था । (धारा १३०, १४१ र १४९) ।

★ न्यायपालिकाले निर्देशनात्मक आदेश जारी गरी व्यवस्थापिका समेतलाई कुनै काम गर्नु वा नगर्नु भन्न सक्ने संवैधानिक व्यवस्था (धारा १३३(२) र १४४(२)) ।

★ न्यायपालिकाले संवैधानिक परीक्षण गरी व्यवस्थापिकाले बनाएको कानुनलाई अमान्य वा बदर घोषित गर्न सक्ने अर्थात् न्यायिक पुनरावलोकन गर्न सक्ने व्यवस्था (धारा १३३ को उपधारा १ र धारा १४४ को उपधारा १) ।


अन्त्यमा के भन्न सकिन्छ भने नेपालको संविधान २०७२ मा गरिएका माथि उल्लेखित लगायतका राज्यका प्रमुख तीन अंगबीच शक्ति सन्तुलन र नियन्त्रण गर्ने सम्बन्धमा भएका संवैधानिक व्यवस्थाहरुले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीचको अन्तरसम्बन्धलाई स्पष्ट गर्दछ ।

**५. "कानूनी राज्य" को अवधारणाको वर्णन गर्नुहोस् र नेपालमा कानूनी राज्यको अवस्थाको मूल्यांकन गर्नुहोस् । (Explain the concept of "rule of law" and evaluate the state of rule of law in Nepal?)**

**कानूनको शासन (Rule of Law)**

संकुचित अर्थमा कानूनको शासनको अर्थ व्यक्तिको नभई कानूनको शासनलाई जनाउँछ । तर कानून बमोजिम शासन गरिनु पर्ने अर्थ लगाएर मात्र कानूनको शासनलाई व्याख्या गर्न उपयुक्त हुँदैन, किनभने हिटलर, मुसोलिनी,गद्दाफी जस्ता तानाशाहहरूले पनि आफूले कानून बमोजिम शासन गरेको दाबी गर्दथे, जबकी निजहरूको शासनलाई विधिको शासन भन्न सकिने अवस्था विद्यमान थिएन ।

तसर्थ विस्तृत अर्थमा आवधिक निर्वाचनद्वारा निर्वाचित जनउत्तरदायी प्रतिनिधिहरूद्वारा बनाइएको र न्यूनतम स्तरयुक्त कानून बमोजिम शासन गरिनुपर्ने र हुकुमी शासनको अन्त्य गरिनुपर्ने धारणा नै कानूनको शासन हो । कानूनको शासनले कानूनको उचित प्रकृया, पारदर्शिता, पूर्वानुमानयोग्य,स्थायित्व, उत्तरदायित्व जस्ता मूलभूत पक्षहरूमा जोड दिन्छ ।




यदि कुनै व्यक्ति जो राज्यको अंग वा निकायमा बसेर राज्यको शक्तिले सम्पन्न छ भने त्यस्तो व्यक्तिले गर्ने प्रत्येक कार्य उल्लेखित कानूनद्वारा समर्थित हुने पर्दछ । यदि कानूनद्वारा समर्थित हुँदैन भने त्यस्तो गैरकानूनी कार्य प्रति निजले वैयक्तिक रुपमा उत्तरदायित्व बहन गर्नुपर्दछ भन्ने कानूनको शासनको अर्को महत्वपूर्ण मान्यता हो ।

विभिन्न समयमा विभिन्न विद्वानहरूले कानूनको शासनको अवधारणा प्रकट गर्दै आएको भएता पनि यसको प्रमुख प्रतिपादक प्रो. डायसीलाई मानिन्छ । उनले Law of the Constitution (1885 AD) पुस्तकमा कानूनको

Question Bank Nepal

शासनबारे व्याख्या गर्ने क्रममा मुख्य ३ अर्थमा यस शब्दलाई प्रयोग गर्न सकिने कुरा उल्लेख गरेका थिए । ती तीन अर्थ देहाय बमोजिम रहेका छन् –

**(क) स्वेच्छाचारी शक्तिको निर्मूलन वा कानूनको सर्वोच्चता :** कुनै पनि व्यक्ति कानूनभन्दा माथि हुन सक्दैन, राजा प्रजा सबैले कानूनको पालना गर्नुपर्दछ र त्यसको अधीनमा रही शासन गर्ने वा आफ्नो अधिकार प्रयोग गर्ने गर्नु पर्दछ । कानून बमोजिम बाहेक कानूनको उल्लंघन नगरेसम्म कसैलाई कसुरदार ठहराउन र सजाय गर्न हुँदैन । यसरी लागू गरिने कानून जनउत्तरदायी सरकारले बनाएको न्यूनतम स्तरयुक्त हुनुपर्दछ जसले जनताको आधिकाधिक हक र स्वतन्त्रता रक्षा गर्न सकोस् ।


**(ख) कानूनको अगाडि समानता र उल्लंघनमा उपचारको व्यवस्था :** हरेक व्यक्ति चाहे उच्च/ठूलो दर्जा वा अवस्थाको होस् वा चाहे निम्न/सानो दर्जा वा अवस्थाको होस् उक्त व्यक्ति मुलुकको सामान्य कानूनको अधिनमा हुन्छ । हरेक व्यक्ति सामान्य अदालत (कोर्ट अफ ल) को अधिकारक्षेत्र भित्र पर्दछन् । मूलुकका सवै नागरिकहरू कानूनको अगाडी समान हुने र कानूनको समान संरक्षण प्राप्त गर्ने मान्यता यसमा निहित रहेको हुन्छ । कानूनको अगाडि सबै समान हुने, कसैलाई पनि विशेषाधिकार वा छुटको व्यवस्था नहुने र सामान्य कानूनको प्रयोगमा सबै बराबर हुने मान्यता यसमा रहेका हुन्छ ।

**(ग) संविधान सामान्य कानूनको परिणाम** : अलिखित संविधान भएको मुलुक बेलायती सन्दर्भमा मात्र डायसीको कानूनको शासन सम्बन्धि यो अर्थ मिल्न जान्छ । नेपाल जस्ता लिखित संविधान भएका मुलुकको सन्दर्भमा यस अर्थले कुनै मान्यता राख्दैन । किनभने लिखित संविधान भएका मुलुकहरूमा संविधान कानूनको शासनको श्रोत होइन; बरु कानूनको शासन संविधानको श्रोत हो ।

अन्त्यमा, कानूनको शासन अन्तर्गत कानूनको सर्वोच्चता कायम हुनु पर्ने, कानूनका अगाडि सबै व्यक्ति समान हुने, कानूनले समान संरक्षण गर्ने र व्यक्तिका हक अधिकारको सम्मान हुनु पर्ने मान्यता रहेको हुन्छ । त्यस्तै गरी सरकारले कुनै पनि व्यक्तिलाई केवल आदेशको भरमा दण्ड गर्न सक्दैन र राज्यमा स्वेच्छाचारी शक्तिको अवस्थिति हुनु हुँदैन भन्ने कानूनको शासनको मूल मर्म हो ।

**नेपालमा कानूनी राज्यको अवस्थाको मूल्यांकन**

प्रयोग/अबलम्बन – नेपालमा लिखित संविधान अनुसार मुलुक संचालन हुँदै आएकोले कानूनको शासनको अवधारणालाई प्रो. डायसीले तीन अर्थमा व्याख्या गरे अनुसार अक्षरश : लागू गरिएको पाइँदैन । किनभने 'संविधान सामान्य कानूनको परिणाम' भन्ने अर्थ लिखित संविधान भएका मुलुकहरूको सन्दर्भमा लागु हुन सक्दैन । तथापी प्रो. डायसीले प्रतिपादन गरेको कानूनको शासनको अवधारणा नेपालमा धेरै हदसम्म अवलम्वन गरिएको पाईन्छ । नेपालमा कानूनी शासनको सिद्धान्तको अवलम्बन देहाय बमोजिम तीन तरिकाले गरेको पाईन्छ ।




**(क) संविधान र कानून (राष्ट्रिय कानून) मा व्यवस्था गरेर –** नेपालमा कानूनी शासनको सिद्धान्तलाई मूल कानूनका रुपमा रहेको संविधानमा विभिन्न प्रावधानहरूमा समाविष्ट गरी संवैधानिक रुपमा नै स्वीकारिएको पाईन्छ । यसका अलावा अन्य प्रचलित कानूनहरूमा पनि कानूनको शासनलाई बल पुग्ने प्रावधानहरू राखि राष्ट्रिय कानूनमा यस सिद्धान्तको अवलम्बन गरिएको पाईन्छ । उदाहरणको लागि संविधानको आधारभूत संरचनाका रुपमा रहेको प्रस्तावनामा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रति पूर्ण प्रतिबद्धता व्यक्त, धारा १ ले संविधानलाई मूल कानूनको रुपमा घोषित गरेको, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को प्रस्तावनामा कानूनको शासनको उल्लेख गर्दै दफा ६ ले प्रशासनिक कार्य संचालनको एउटा आधार कानूनको शासनलाई पनि मानेको कुरा लिन सकिन्छ ।

**(ख) अन्तर्राष्ट्रिय कानूनमा प्रतिबद्धता जनाएर** – नेपालले संयुक्त राष्ट्रसंघीय मानवअधिकारको विश्वव्यापी घोषणाप्रति प्रतिबद्धता व्यक्त गर्दै दासत्व महासन्धि, १९२६ समेत मानवअधिकार सम्बन्धि २१ वटा अन्तर्राष्ट्रिय सन्धि संम्झौता, भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३ (सन् २०११ फ्रेबुअरी २४) समेतका अन्य विषयगत महासन्धीहरू लाई अनुमोदन तथा सम्मिलन मार्फत पक्ष बनी कानूनी शासनको

Question Bank Nepal

सिद्धान्तलाई मूर्त रुप दिन नेपाल सन्धि ऐन, २०४९ को दफा ९ मा 'नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनका लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र तत् सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागु हुनेछ' भन्ने व्यवस्था गरिएको पाईन्छ ।

(ग) **अदालतले न्यायिक अभ्यास गरेर** – नेपालमा कानूनी शासनको सिद्धान्तको अवलम्बन गर्न नेपालको सर्वोच्च अदालतले पनि न्यायिक अभ्यासद्वारा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको पाईन्छ । संविधानको धारा १०२ (४) अनुसार संविधान र प्रचलित कानूनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतमा रहन्छ । यही अधिकारको प्रयोग गरी हाम्रो सम्मानित सर्वोच्च अदालतले विभिन्न मुद्दाका रोहमा आवश्यकतानुसार न्यायिक सकृयता समेत प्रर्दशन गर्दै कानूनको शासनको अवधारणालाई मूर्त रुप दिन महत्वपूर्ण निर्णयहरू गर्दै आएको पाईन्छ । सर्वप्रथम सम्मानित सर्वोच्च अदालतले वेदकृष्णको मुद्दा (२०१०) मा कानूनको शासन एक सुत्र हो भन्ने उल्लेख गरेको छ । सो पछि विभिन्न मुद्दामा कानूनको शासनलाई बल पुग्ने विभिन्न निर्णयहरू गर्दै आएको छ । उदारहणका रुपमा बद्रीबहादुर बस्नेत वि. मंत्रीपरिषद् सचिवालय समेत भएको मुद्दामा प्रतिपादित सिद्धान्त –'तजबिजी अधिकारको प्रयोग स्वेच्छाचारी ढंगबाट गर्दछ भने संविधानले अँगिकार गरेको कानूनी राज्यको अवधारणाको उपहास हुन्छ ।' (नेकाप २०५१, पृष्ठ ७४४) लाई लिन सकिन्छ ।

कारक तत्व/समस्या – यत्ति हुदाहुदै पनि नेपालमा कानूनी राज्यको अवस्थाको सन्तोषजनक रहेको पाईदैन । यसका पछाडी कानूनी राज्यको परिपालनमा देखिएका देहाय बमोजिमका समस्याहरू कारक तत्वको रुपमा रहेको अनुभूति गर्न सकिन्छ –

★ अन्तर्राष्ट्रिय कानूनको प्रभाव बढ्दै गई मौलिक राष्ट्रिय कानूनलाई विस्थापित गर्ने सम्भावना बढ्दै जानु ।
★ राजनीतिमा अपराधीकरण तथा अपराधमा राजनीतिकरणले गर्दा दण्डहिनता बढ्दै जानु ।
★ कानूनी व्यवस्थामा आएका सुक्ष्म परिवर्तनहरूको आँकलनमा कमी हुनु ।
★ मुलुकमा राजनीतिक अस्थिरता कायमै रहनु ।
★ कानूनमा रहेका लुपहोलहरूको प्रयोग गरी नीतिगत भ्रष्टाचार बढ्दै जानु ।
★ राजनैतिक सहमतिको नाममा न्यायाधिश नियुक्तिमा दलीय भागबण्डा गर्ने संस्कृति विकास भएकोले स्वतन्त्र न्यायपालिकाको अवधारणा धरासायी हुनु ।
★ विधायिका रहँदा रहँदै पनि राजनीतिक सहमतिको नाममा दलीय तथा वर्गीय स्वार्थलाई सम्बोधन गर्न अध्यादेशहरू जारी भैरहनु ।
★ कानूनको कार्यान्वयनमा विविध समस्या सिर्जना गरिनु ।
★ सर्वोच्च न्यायालयबाट भएका अन्तिम निर्णय तथा आदेशको कार्यान्वियन गर्न कार्यकारिणी उदासिन रहनु ।
★ लोकतान्त्रिक संस्कारको विकास गर्न राजनीतिक दल असक्षम हुनु ।
★ कानूनको पालना गर्ने संस्कृतिको अभावले गर्दा कानून 'सानालाई ऐन र ठूलालाई चैनको' रुपमा रहनु ।
★ मानव अधिकारको प्रभावकारी संरक्षणको प्रत्याभूति नहुनु आदि ।

**समाधानका उपाय/सुझावहरू**

★ नेपालको अन्तरिम संविधानमा राजनीतिक सहमतिलाई संविधानभन्दा माथि राखिएको छ, जसले गर्दा राजनीतिक सहमतिको नाममा ठूला दलहरूले संविधानबादलाई नै धज्जी उडाउने क्रियाकलाप गरिरहेकोले संविधानमा तत्काल संशोधन गरी राजनीतिक सहमतिलाई संविधानभन्दा माथि राख्ने प्रावधान हटाउनुपर्ने । (संवैधानिक उपाय)
★ राज्यले हरेक कानून बनाउनु अगाडि सो कानूनसंग सम्बन्धित नीति निर्माण गर्नुपर्ने (नीतिगत उपाय) ।
★ राजनीतिक स्थिरता कायम गर्दै राजनीतिज्ञहरूमा मूल्य मान्यताको संस्कृति विकास हुनुपर्ने (राजनीतिक उपाय) ।
★ विधिको शासनका आधारभूत सिद्धान्तसँग मेल नखाने मौजुदा कानूनको पुनरावलोकन गर्नुपर्ने (कानूनी उपाय) ।
★ विधिको शासनलाई मुर्त रुप दिनको लागि सक्षम, प्रभावकारी संस्थागत संरचनाको व्यवस्था गर्नुपर्ने (संस्थागत उपाय) ।
★ राज्यको चौथो अंगको रुपमा रहेको प्रेसजगत्ले कानूनको शासनका आदर्श र मूल्य मान्यताहरूलाई जनस्तरसम्म प्रचारप्रसार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने ।
★ जनताका हकाधिकारको रक्षा तथा सिमित सरकारको संचालनमा नै विधिको शासन जिवन्त रहन सक्ने हुँदा नागरिक समाजले जनताका हकाधिकार र सिमित सरकारको पक्षमा खबरदायी अभियान चलाउनु पर्ने ।

Question Bank Nepal

★ वर्तमान समयमा मौलाउँदै गएको राजनीतिलाई अपराधीकरण र अपराधलाई राजनीतिकरण गर्ने प्रवृत्ति अन्त्य गरिनुपर्ने ।

★ कानून निर्माण गर्दा व्याख्यात्मक टिप्पणी राख्ने पद्दति विकास गर्न सकेमा कानूनको शासन कार्यान्वयमा मद्दत पुग्ने देखिन्छ ।

★ अदालतबाट मुद्दाको रोहमा प्रतिपादित सिद्धान्तहरू (नजीर) तथा अदालतले समय-समयमा दिएका निर्देशनात्मक आदेशहरूलाई तत्काल प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने ।

★ शक्तिपृथकीकरणको सिद्धान्तालाई अवलम्ब गर्दै अदालतलाई कानूनीराज र मानवअधिकारको संरक्षण गर्न सक्ने सक्षम संस्था बनाउनु पर्ने ।

★ राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक हैसियत सिफारिसकर्ताको रुपमा मात्र सिमित नगरी सरकार विरुद्ध समेत मुद्दा दायर गर्ने अधिकार संविधानबाट नै दिईनुपर्ने आदि ।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

**६. राजनीतिक तटस्थता भनेको के हो ? नेपालको सार्वजनिक व्यवस्थापनमा राजनैतिक तटस्थताको प्रयोग सम्बन्धी विद्यमान समस्याहरुको विवेचना गर्नुहोस् । (What is "Political Neutrality"? Identify and discuss the present problems regarding its use in Nepalese public management.)**

**राजनीतिक तटस्थता**

*"Having no decided character."*

कुनै पनि राष्ट्रसेवक कर्मचारीले राजनैतिक धारणा एवम् दर्शनबाट मुक्त रही आफ्नो जिम्मेवारी र कार्यक्षेत्रभित्र पर्ने कार्यहरू निष्पक्ष एवम् स्वतन्त्र ढंगले सम्पादन गर्नु नै राजनीतिक तटस्थता हो ।

अर्थात् कुनै पनि कर्मचारीले कुनै राजनीतिक दलको पक्ष नलिई आफ्नो कार्य एवम् जिम्मेवारी प्रति प्रतिबद्ध रहँदै आफ्नो क्षमता तथा मौजुदा कानूनी व्यवस्थाको अधिनमा रही सेवा प्रवाह गर्नुपर्छ भन्ने प्रशासनिक मूल्य मान्यता नै राजनीतिक तटस्थता हो ।

एकदलीय कम्युनिष्ट शासन व्यवस्थामा प्रशासन स्वतः प्रतिबद्ध हुन्छ, तटस्थताको बारेमा प्रश्न उठ्दैन तर बहुदलीय व्यवस्थामा कुनै बहुमत प्राप्त दलको तर्फबाट सरकार निर्माण हुने र सरकार परिवर्तन पनि भई रहने हुनाले यदि प्रशासन पनि राजनीतिक दलप्रति प्रतिबद्ध हुने हो भने जनकल्याणका लागि कुनै पनि सरकारले लिएका नीतिहरू कार्यान्वयन हुन र जनहित प्रवर्द्धन हुन सक्दैन । त्यसैले प्रशासन यन्त्र तटस्थ हुनु आवश्यक छ भन्ने गरिन्छ ।

निजामती/सार्वजनिक प्रशासनको तटस्थतालाई यसरी उल्लेख गर्न सकिन्छ :-

- कुनै पनि दलगत क्रियाकलापमा संलग्न नहुनु,
- कसैको पक्ष नलिनु,
- सरकार र आफ्नो कामप्रति बफादार हुनु,
- निर्णायक भूमिकामा Anonimity राख्नु,
- व्यवसायिक हिसाबले काम गर्नु,
- नियम कानूनको पालनामा कठोरता अपनाउनु,

अन्त्यमा, योग्यता प्रणालीबाट स्थापित हुने प्रशासनयन्त्र राजनीतिक आश र त्रासबाट उन्मुक्त रही कानूनको घेराभित्र रहनुपर्दछ भन्ने मान्यता नै राजनीतिक तटस्थता हो ।

**नेपालको सार्वजनिक व्यवस्थापनमा राजनैतिक तटस्थताको प्रयोग सम्बन्धी विद्यमान समस्या**

राजनीतिक रुपमा तटस्थ एवम् जनमुखी प्रशासनको निर्माणका लागि विभिन्न प्रयासहरू गरिएका भएता पनि व्यवहारिक रुपमा हाम्रो सार्वजनिक व्यवस्थापनलाई राजनैतिक रुपमा तटस्थ राख्नमा देहाय बमोजिमका समस्याहरू देखा पर्न थालेका छन् :-

★ कुनै कर्मचारीले गरेको कामप्रति कार्यालय प्रमुखप्रति विभागीय प्रमुख हुँदै मन्त्रीप्रति उत्तरदायी हुनुपर्ने अवस्था छ भने प्रशासनमा राजनीति हाबी छ, हस्तक्षेप पनि व्याप्त ।

★ प्रत्येक पटक सरकार परिवर्तनसँगै उच्च तहका प्रशासकको पनि व्यापक सरुवा तथा फेरबदल हुने गरेको ।

★ प्रत्येक क्षेत्रगत मन्त्रीले कर्मचारीको पदस्थापन, सरुवा, बढुवा जस्ता प्रशासनको कार्यक्षेत्र भित्रका विषयमा अनावश्यक चासो र दबाब दिने गरेका ।

★ कर्मचारीको पेसागत हकहित संरक्षणका लागि कानूनी व्यवस्था बमोजिम स्थापना भएका कर्मचारी युनियनहरू राजनैतिक दलको भातृसंगठनको रुपमा देखा पर्न थालेका ।

★ राजनीतिक दलहरूबाट निजामती प्रशासन उपर अनावश्यक अंकुश लगाउने गरिएको ।

★ प्रणालीगत रुपमा जानुपर्ने कुरामा हस्तक्षेप गरी व्यक्तिगत स्वार्थका आधारमा काम गर्न दवाब दिने क्रम बढ्दै गएको ।

Question Bank Nepal

★ निजामती प्रशासनले पनि माथिबाट भनेको काम गरिदिई गुन लगाएँ भनी मख्ख पर्ने जस्ता प्रवृत्तिहरू विकसित हुन थालेका।

★ नेतृत्व मूल्यांकनलाई नतिजाको बफादारिताको भन्दा दलीय र व्यक्तिगत बफादारिताले निर्धारण गरे जस्तो देखिन थालेको।

यसरी माथि उल्लेख गरिए लगायतका अन्य थुप्रै समस्या/प्रवृत्तिले गर्दा सार्वजनिक प्रशासनको तटस्थताको गुणलाई जोगाई राख्न निकै कठिन हुन थालेको छ। यस्ता प्रवृत्तिले सार्वजनिक प्रशासनलाई न तटस्थ, न त निष्पक्ष र जनमुखी नै बनाउन मद्दत गर्दछ। त्यसैले जनमुखी सार्वजनिक प्रशासनको अवधारणालाई जोगाई राख्नकै लागि समग्र निजामती प्रशासनको कार्यशैली, संस्कृति र प्रवृत्तिमा रुपान्तरण र सुधार गर्दै प्रशासनमा मात्र होइन, राजनीतिमा पनि इमान, नैतिकता, जिम्मेवारी बोध र उत्तरदायित्वको भावना विकसित गराउन आवश्यक छ।

**७. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन नेपालमा अवलम्न गरिएका नव प्रवर्तनशील कदमहरु उल्लेख गर्दै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तुल्याउने क्रममा देखिएका प्रमुख समस्याहरुको समीक्षा गर्नुहोस्। (Mention the innovative initiatives taken for effective public service delivery in Nepal and review the major problems of public service delivery encountered in order to make it effective.)**

**नेपालमा अवलम्न गरिएका नव प्रवर्तनशील कदमहरू**

सार्वजनिक सेवा प्रदान गर्ने दायित्व बोकेको संस्थाले आफूले प्रदान गर्नुपर्ने सेवा प्रदान गर्दा अपनाउनुपर्ने प्रक्रियालाई सार्वजनिक सेवा प्रवाह गर्ने तरिका/माध्यमको रुपमा बुझ्न सकिन्छ। सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तुल्याउन नेपालमा अवलम्न गरिएका नव प्रवर्तनशील कदमहरू अर्थात सार्वजनिक सेवा प्रवाह गर्ने तरिका/माध्यमहरू लाई मोटामोटी रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ –

| नव प्रवर्तनशील कदमहरू | | |
|---|---|---|
| • सार्वजनिक सेवा वडापत्र<br>• एकीकृत घुम्ती सेवा<br>• गुनासो सुनुवाईको व्यवस्था<br>• उजुरीपेटिकाको व्यवस्था<br>• सार्वजनिक सुनुवाईको व्यवस्था<br>• हेलो सरकार कक्ष | • रेडियो तथा TV कार्यक्रमहरू<br>• उपभोक्ता समिति मार्फत कार्य<br>• हेल्पडेक्सको व्यवस्था<br>• काउन्टर सर्भिसको व्यवस्था<br>• सेवाग्राहीबाट | सेवाप्रवाहको सर्वेक्षण |
| • टोल फ्रि टेलिफोन नम्बर<br>• इमेल तथा इन्टरनेट<br>• नियमित रुपमा अनुगमन निरीक्षण गर्न संयन्त्रको व्यवस्था | • सूचना अधिकृत एवं प्रवक्ताको व्यवस्था<br>• वेवसाइटहरूको प्रयोग | |

(१) **सार्वजनिक सेवा वडापत्र** : सार्वजनिक सेवा वडापत्र भन्नाले सार्वजनिक सेवा प्रदान गर्ने संस्थाले त्यस संस्थामा सेवा लिन आउने सेवाग्राहीलाई सो संस्थाले प्रदान गर्ने सेवा प्राप्त गर्न अपनाउनुपर्ने प्रक्रिया, कार्यविधि, लाग्ने समय, तिर्नुपर्ने दस्तुर, आवश्यक पर्ने प्रमाण र कार्य सम्पादन गर्ने तह आदि स्पष्ट रूपमा उल्लेख गरी सबैले देख्ने गरी राखिएको दस्तावेजलाई बुझिन्छ। सार्वजनिक सेवा वडापत्रलाई नागरिक वडापत्र, सेवाग्राही वडापत्र आदि विभिन्न नामले पनि चिनिन्छ। यसको माध्यमबाट सेवाग्राहीलाई सार्वजनिक सेवा प्राप्त गर्नका लागि सहज हुने र सार्वजनिक सेवा प्रदान गर्ने क्रममा हुने अनियमितता पनि निवारण हुने हुन्छ।

(२) **एकीकृत घुम्ति सेवा** : एकीकृत घुम्ती सेवाका माध्यमबाट सेवाग्राहीहरू रहेकै स्थानमा गई सार्वजनिक सेवा प्रवाह गरिन्छ। यसको माध्यमबाट सर्वसाधारण वा सेवाग्राहीको समय र पैसाको बचत हुनुका साथै सार्वजनिक सेवाप्रतिको विश्वास बढ्दछ। स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवा, जिल्ला प्रशासन कार्यालयबाट वितरण गरिने नागरिकता आदिजस्ता सेवा एकीकृत घुम्ती सेवाको माध्यमबाट प्रदान गर्न सकिन्छ।

(३) **गुनासो सुनुवाई** : सार्वजनिक सेवा प्रवाहको अर्को तरिका वा माध्यम गुनासो सुनुवाई पनि हो। यस माध्यममा सेवाग्राहीले आफूले सेवा प्राप्त गर्ने क्रममा भोग्नुपरेका कठिनाई गुनासो सुन्ने अधिकारी समक्ष राखी गुनासो सुन्ने अधिकारीले सो समस्याको समाधानका लागि पहल गर्ने कार्य गर्दछन्।

(४) **उजुरी पेटिका** : सार्वजनिक सेवा प्रवाह गर्ने संस्थामा सेवाग्राहीले सेवा प्राप्त गर्ने क्रममा चित्त नबुझेका कुरा राख्नका लागि एउटा उजुरी पेटिका राखिएको हुन्छ। जुन उजुरी पेटिकालाई अधिकार प्राप्त अधिकारीले समय समयमा खोली यसबाट प्राप्त सुझावका आधारमा आफ्नो सेवा प्रवाहको शैलीलाइ परिवर्तन गर्ने गर्दछन्।

(५) **सार्वजनिक सुनुवाईको व्यवस्था** : सरकारले सार्वजनिक सुनुवाई मार्फत सार्वजनिक सेवा प्रवाह प्रभावकारी रुपमा भएको छ वा छैन ? छैन भने प्रभावकारी गराउन के



Question Bank Nepal

गर्नु पर्दछ ? भन्ने कुरा जानकारी लिई सार्वजनिक सेवा प्रवाहलाई अझ प्रभावकारी गराउन सक्दछ ।

(६) **हेलो सरकार** : हेलो सरकार कक्ष तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईको पालामा सरकारी निकायका कामकारबाही सम्बन्धमा जनताका गुनासाहरूलाई तत्काल सम्बोधन गरी राहत दिने उद्देश्यले २०६८ कार्तिक १७ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत हेलो सरकार कक्ष स्थापना भएको हो । २४ सै घण्टा खुला रहने हेलो सरकार डेक्सले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलगायत हरेक मन्त्रालयहरूबाट हुने नीतिगत निर्णय, कार्य सञ्चालन, शान्ति र सुशासन व्यवस्थापन तथा सञ्चालनलाई समेत व्यवस्थित गर्ने जिम्मेवारी पाएको छ । हेलो सरकार कक्ष सञ्चालन गर्नका लागि नेपाल सरकारकाले हेलो सरकार कक्ष सञ्चालन निर्देशिका, २०६८ कार्यान्वयनमा ल्याएको छ । यस कक्षमा गुनासो, माग र सुझावका लागि निःशुल्क टेलिफोन नम्बर ११११ र फ्याक्स नं. १११० को व्यवस्था गरिएको छ । यसको अलावा इमेल तथा एसएमएसबाट समेत गुनासो, माग तथा सुझाव राख्न सकिने र त्यसरी आएका सुझाव आदिलाई सोही माध्यमबाट सुनुवाई हुने व्यवस्था गरिए पनि यस कक्षबाट हुने सुनुवाई/सम्बोधन प्रभावकारी नभएको सर्वत्र चर्चा गर्ने गरिएको पाइन्छ ।

सार्वजनिक सेवा प्रवाहको महत्वलाई मध्यनजर राखेर नै नेपाल सरकारले सार्वजनिक सेवालाई प्रभावकारी बनाउन विभिन्न ऐन कानून तथा संस्थागत व्यवस्था समेत गरेको पाइन्छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, नियमावली २०६५, उपभोक्ता समितिको गठन तथा सार्वजनिक सुनुवाइ सम्बन्धी कानूनी व्यवस्था यसका उदाहरण हुन् ।

**सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तुल्याउने क्रममा देखिएका प्रमुख समस्याहरू**

नेपालमा सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता र कुशलता हासिल हुन नसकी समस्याहरू विद्यमान रही रहेको पाईन्छ । नेपालमा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तुल्याउने क्रममा देखिएका प्रमुख समस्याहरू देहाय बमोजिम रहेको पाईन्छ –

★ सेवा सुविधाको स्पष्ट व्याख्या एवं गुणस्तरको मापदण्ड निर्धारण नगरिनु,
★ राजनैतिक स्तरमा स्वार्थभाव बढ्नु,
★ भ्रष्टाचार एवं दण्डहिनताले प्रश्रय पाउनु,
★ प्रशासकीय स्तरमा मनोबल खस्कनु,
★ सेवा प्रवाह पारदर्शी एवं जवाफदेहि नहुनु,
★ सेवा लक्षित समूहसम्म नपुग्नु,
★ सशक्त नागरिक समाजको अभाव रहनु,
★ केन्द्रमुखी प्रशासकीय व्यवस्था,
★ प्रक्रियामुखी कार्यशैलीको विद्यमानता,
★ सेवा प्रदायकको कार्य मूल्यांकन मैत्री दण्ड पुरस्कार प्रणालीको अभाव,
★ सेवा जनताको माग उन्मुख नभई आपूर्ति उन्मुख हुनु,
★ सार्वजनिक सेवा एवं सेवा प्रवाहका विविध आयामबारे जनचेतना अभिवृद्धि गर्न नसकिनु,
★ सेवा प्रवाह प्रतिस्पर्धी एवं सहभागीमूलक नहुनु आदि ।

सार्वजनिक सेवा प्राप्त गर्ने सेवाग्राही (जनता) को अधिकार हो, भने सेवाग्राही (जनता) लाई प्रभावकारी सेवा प्रवाह गर्नु सेवा प्रदायक (सरकार) को जिम्मेवारी हो । सार्वजनिक सेवा प्रवाह गर्दा सेवा प्रदायकले सेवाग्राहीका अधिकारको सम्मान गर्दै सेवाग्राहीमैत्री भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । त्यस्तै गरी सेवाग्राहीले पनि आफ्ना अधिकार प्रति सचेत हुँदै सार्वजनिक सेवा लिने क्रममा आफ्ना कर्तव्य/दायित्वहरू पनि पालना गर्नुपर्ने हुन्छ । दुवै पक्षले आ-आफ्नो भूमिका समुचित रूपमा निभाउन सकेमा मात्र सार्वजनिक सेवा प्रवाह छिटो, छरितो, पारदर्शी र प्रभावकारी हुन मद्दत पुग्दछ ।

**८. "सार्वजनिक सेवा बडापत्र" का उद्देश्यहरुमाथि प्रकाश पार्दै यसका फाइदाहरु उल्लेख गर्नुहोस् । (Shading light on the objectives of "Public Service Charter", mention its benefits.)**

**"सार्वजनिक सेवा बडापत्र" का उद्देश्यहरू**

प्रचलित कानूनले कुनै पनि सार्वजनिक सेवा प्रवाह गर्ने निकायले आफ्नो कार्यालयमा सबैले देख्ने गरी सार्वजनिक सेवा वडापत्र राख्नु पर्ने अनिवार्य गरेको पाईन्छ । त्यस वडापत्रको नाम भने नागरिक वडापत्र, अदालत प्रयोगकर्ताको वडापत्र, सार्वजनिक सेवा वडापत्र आदि हुनसक्दछ । कुनै पनि सार्वजनिक सेवा प्रवाह गर्ने निकायले आफ्नो कार्यालयमा सार्वजनिक सेवा वडापत्र राख्नुको उद्देश्य निम्नानुसार हुन सक्दछन् –

★ सार्वजनिक निकाय प्रतिको जनआस्था अभिवृद्धि गर्नु,
★ सेवा प्रवाहको कार्यविधिलाई पारदर्शी बनाई सार्वजनिक सेवाको पहुँचलाई सहज र विश्वसनीय बनाउनु,



Question Bank Nepal

- ★ सम्बन्धित निकायबाट सम्पादन हुने काम, कारबाही र कार्यविधिका आधारभूत पक्षमा सेवा प्रयोगकर्ताहरूलाई जानकारी गराउनु,
- ★ सार्वजनिक सेवा प्रयोगकर्ताप्रति कर्मचारीहरूमा जवाफदेहिता र जिम्मेवारीको भावना विकास गराउनु,
- ★ कुन कुन काम निकायको कुन शाखा वा फाँटबाट कसरी र कति समय भित्र सम्पादन हुन्छ भन्नेबारे सेवा प्रयोगकर्तालाई जानकारी गराउनु,
- ★ सार्वजनिक सेवा प्रयोगकर्ताबाट सार्वजनिक निकायले राखेको अपेक्षाका बारेमा जानकारी दिलाउनु आदि ।

**"सार्वजनिक सेवा बडापत्र" का फाइदा**

सार्वजनिक सेवा वडापत्रको फाइदाबारे यसको अवधारणा तथा परिचयको माध्यमद्वारा आँकलन गर्न सकिन्छ । यसका फाइदाहरूलाई छोटकरीमा निम्नानुसार व्यक्त गर्न सकिन्छ –

- ★ सार्वजनिक सेवा वडापत्रले सेवाग्राहीलाई सेवाको प्रकृति, सेवा प्राप्त गर्न पुऱ्याउनु पर्ने प्रक्रिया, प्रमाण एवम् लाग्ने समय र सेवा प्रदान गर्ने अधिकारीको बारेमा जानकारी गराउँछ,
- ★ सार्वजनिक सेवा वडापत्रले सेवा प्रदायक र सेवाग्राहीको बीचमा सम्बन्ध सेतुको कार्य गर्दछ,
- ★ यसले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाई सम्पूर्ण सर्वसाधारणको सेवामा सहज पहुँच पुऱ्याउँछ ।
- ★ यसको माध्यमबाट सार्वजनिक सेवा प्रदायकले सेवा ग्राहीको असल विश्वास आर्जन गर्न सहयोग पुग्दछ,
- ★ सार्वजनिक सेवा वडापत्रले सेवाग्राहीले पाउने सुविधाका बारेमा मात्र जानकारी नदिई सेवा प्रदायकले सेवा ग्राहीबाट के अपेक्षा राखेको छ भन्ने कुराको पनि सूचना प्रदान गर्दछ,
- ★ सार्वजनिक सेवा वडापत्रको माध्यमबाट प्रवाहित सेवाको प्रभावकारिता पत्ता लगाई कुनै कमजोरी रहे त्यसमा सुधार गर्न सहयोग पुग्दछ आदि ।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

**९. मानव संसाधन विकासको विशेषताहरु उल्लेख गर्दै यसको आवश्यकताको बारेमा प्रष्ट पार्नुहोस् । (Mention the characteristics of human resource development and justify the need of Human Resources Management.)**

**मानव संसाधन विकासको विशेषताहरू**

मानव संसाधन विकास (HRD) भन्नाले कुनै पनि संगठनमा कार्यरत जनशक्तिको सक्षमता, गतिशिलता, उत्प्रेरणा तथा प्रभावकारितालाई व्यवस्थित तथा नियोजित रुपमा विकास गर्ने एक निरन्तर प्रक्रियालाई बुझिन्छ । यसले मानव संसाधनको निरन्तर रुपमा क्रमिक विकास गरेर संगठनमा गुण तथा उत्पादकत्वलाई वृद्धि गर्दै संगठनको लक्ष्य प्राप्तीमा जोड दिन्छ । त्यसैले संगठनको निर्धारित लक्ष्य प्राप्तिका लागि मानव संसाधन विकास (HRD) अनिवार्य शर्तको रुपमा रहेको हुन्छ । मानव संसाधन विकास (HRD) का मुलभूत विशेषताहरूलाई देहायका बुँदाहरूमा उल्लेख गरिएको छ :-

- ★ HRD मानव संसाधन प्रणालीको एक उपप्रणाली हो जसले संगठनको मौजुदा जनशक्तिको क्षमता विकास गर्नका लागि सिकाई अनुभव उपलब्ध गराउने कुरामा जोड दिन्छ ।
- ★ HRD संगठनमा चलिरहने एक निरन्तर प्रक्रिया हो, जसले निरन्तर रुपमा कर्मचारीको विकास, उपयोग तथा कर्मचारीलाई प्रतिबद्ध बनाउँदै संगठनात्मक चुनौतीहरूलाई सामना गर्ने तथा अवसरहरू ग्रहण गर्ने कुरामा जोड दिन्छ ।
- ★ HRD ले कर्मचारी विकास गर्नका लागि आवश्यक व्यवहारात्मक विज्ञानको प्रयोगको सिद्धान्त तथा अवधारणा निर्माण गर्ने गर्दछ ।
- ★ HRD केवल कर्मचारी तालिम तथा कुनै एकपक्षीय विकास नभई कर्मचारीको सम्पूर्ण पक्षको विकास (All round development) हो जसले गर्दा संगठन समाज तथा राष्ट्रलाई नै महत्वपूर्ण योगदान पुऱ्याउँदछ ।
- ★ HRD को महत्वपूर्ण पक्ष भनेको निरन्तर रुपमा संगठनका कर्मचारीका/जनशक्तिको गुणस्तरमा सुधार गर्नु हो ।
- ★ HRD ले वर्तमान र भविष्यको लागि संगठनका चुनौतीहरूलाई सामना गर्दै अवसरहरू छोप्दै संगठनको पूर्व निर्धारित लक्ष्य प्राप्ति गर्न सक्ने जनशक्ति विकास र उपयोगमा जोड दिन्छ ।
- ★ कर्मचारी तालिम तथा व्यवस्थापक विकासलाई HRD को एउटा हिस्साको रुपमा लिइन्छ ।
- ★ HRD ले कर्मचारी व्यवहारलाई निरन्तर रुपमा समयसापेक्ष परिवर्तन गर्ने कुरामा जोड दिन्छ ।
- ★ HRD ले जनशक्तिलाई काम तथा वातवारणसँग उचित ढंगले समायोजन गर्ने तरिकाको रुपमा कार्य गर्दछ ।

**मानव संसाधन विकासको आवश्यकता एवं महत्व**

HRD संगठनको रणनैतिक योजना अनुसार संगठनका मौजुदा जनशक्तिको क्षमता विकास गर्नमा निरन्तर रुपमा

Question Bank Nepal

लागि पर्दछ । संगठनमा HRD को आवश्यकता एवं महत्व अतुलनीय छ जसलाई देहायबमोजिमका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :-

(क) **सामर्थ्यवान जनशक्ति विकास :-** संगठनको मौजुदा जनशक्तिको सक्षमता विकास गर्न HRD को आवश्यकता पर्ने गर्दछ । HRD अन्तर्गत उच्च तहका व्यक्तिहरूको लागि व्यवस्थापन विकास तथा मध्यम र निम्न तहका कर्मचारीहरूको लागि तालिम सञ्चालन गरी जनशक्तिको सामर्थ्यतामा विकास गरिन्छ ।

(ख) **वृत्ति विकासको अवसर :-** संगठनमा प्रवेश हुने कुनै पनि कर्मचारीले आफ्नो वृत्ति विकास होस् भन्ने चाहना राख्दछ । HRD को माध्यमबाट त्यस्ता कर्मचारीहरूले आफ्नो वृत्ति विकास गर्ने चाहनालाई यथार्थमा परिणत गर्न सक्दछ ।

(ग) **कर्मचारी कटिबद्धता :-** कर्मचारीको क्षमता तथा दक्षता विकास गरी संगठनमा गुणस्तर सुधार गर्नु तथा उत्पादकत्व बढाउनु मानव संसाधन विकासको प्रमुख उद्देश्य हो । त्यसैले HRD को माध्यमबाट व्यक्तिले उचित किसिमको विकास गर्ने अवसर प्राप्त गर्ने हुनाले यसको फलस्वरुप कर्मचारी संगठनको उद्देश्यप्रति कटिबद्ध बढ्दछ ।

(घ) **सम्पूर्ण पक्षको विकास :-** HRD ले कर्मचारीहरूको धारणा तथा क्षमतामा विकास, समूहगत कार्यसम्पादनमा अभिवृद्धि, संगठनको कार्यसम्पादनमा सुधार, लागत, कटौती, उपयुक्त कार्यवातावरण निर्माण, निर्णय गर्ने क्षमतामा वृद्धि, आय वद्धि गर्ने लगायतका पक्षलाई सम्बोधन गरी संगठनको प्रभावकारिता बढाउने हुनाले यसले संगठनको सम्पूर्ण पक्षको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदछ भन्न सकिन्छ ।

(ङ) **परिवर्तन व्यवस्थापन तथा द्वन्द्व व्यवस्थापन :-** संगठनमा HRD योजना कार्यान्वियन गर्दा संस्थामा वृद्धिमान, क्षमतावान, उर्जाशील तथा प्रतिबद्ध कर्मचारीहरू तयार हुन्छन् । जसले गर्दा संगठनमा हुने कुनै पनि किसिमको परिवर्तनलाई समायोजन तथा व्यवस्थापन गर्ने र कर्मचारीबीचमा उत्पन्न हुन सक्ने द्वन्द्व व्यवस्थापन गर्न सहज हुन्छ ।

(च) **कार्य सम्पादन सुधार :-** HRD को माध्यमबाट कर्मचारीहरूको कार्यसम्पादन मूल्यांकन गरी तिनीहरूको कमजोर पक्ष पत्ता लगाई त्यस्तो पक्षको सुधार गर्नको लागि आवश्यक पर्ने तालिम कार्यक्रम सञ्चालन गर्न सकिन्छ । जसले गर्दा संगठनमा कार्य सम्पादनमा उपयुक्त किसिमको सुधार गर्नको लागि सहयोग पुग्दछ ।

(छ) **कार्य सन्तुष्टी :-** संगठनमा HRD योजनाको फलस्वरुप जनशक्तिको वृत्ति विकास गर्ने, उन्नति गर्ने, उपयुक्त तालिम प्राप्त गर्न सक्ने आदि अवसरहरू प्राप्त गर्ने हुनाले कर्मचारीहरू संगठन तथा संगठनात्मक क्रियाकलाप र व्यवस्थापनप्रति सकारात्मक हुन्छन् । जसले गर्दा जनशक्तिमा कार्य सन्तुष्टि बढ्न जान्छ ।

(ज) **तालिम तथा विकासको अवसर :-** संगठनमा HRD को कार्यान्वियनको फलस्वरुप उपयुक्त व्यक्तिले तालिम तथा विकासमा संलग्न हुने अवसर प्राप्त गर्दछ । जसले गर्दा संगठनको लक्ष्य प्राप्तिमा सहयोग पुग्दछ ।

(झ) **कार्य र वातावरणबीच समायोजन :-** HRD ले व्यक्तिलाई काम तथा वातावरणसँग उचित ढंगले समायोजन गर्ने तरिका सिकाइ संगठनको गुण र उत्पादकत्व वृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

(ञ) **सकारात्मक संगठनात्मक संस्कार :-** HRD ले सकारात्मक संगठनात्मक संस्था विकास गर्न महत्वपूर्ण भूमिका खेल्दछ । जसले गर्दा सुपरिवेक्षक सहायक बीचको सम्बन्ध, समूह कार्य तथा व्यवस्थापन र जनशक्तिबीचको सम्बन्ध बलियो हुनुका साथै पेसागत सद्भाव र कर्मचारी उत्प्रेरणामा महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

अन्त्यमा कुनैपनि संगठनको पूर्व निर्धारित उद्देश्य हासिल गर्नको लागि संगठनमा आवश्यकता पर्ने गुणस्तरमा सुधार तथा उत्पादकत्वमा वृद्धि गर्नको लागि संगठनमा मौजुदा जनशक्तिको क्षमता तथा सम्भाव्यताको बारेमा खोज तथा अध्ययन गरेर उनीहरूको क्षमता संगठनको वातावरण अनुसार विकास तथा विस्तार निरन्तर रुपमा गर्दै जानु नै मानव संसाधन विकास (HRD) हो । यसले मानव संसाधन प्रणालीको एक उपप्रणाली, संगठनको एक निरन्तर प्रक्रिया, जनशक्तिको हरेक पक्षको विकास गर्ने जस्ता विशेषताहरू बोकेको हुन्छ । HRD अन्तर्गत तालिम तथा विकास, कार्य सम्पादन मूल्यांकन, वृत्ति विकास आदि जस्ता विषयहरू पर्दछन् । संगठनमा सामर्थ्यवान जनशक्ति विकास, कटिबद्ध जनशक्ति निर्माण, वृत्ति विकासको अवसर, कार्य सम्पादनमा सुधार, परिवर्तन व्यवस्थापन, सकारात्मक संगठनको संस्कार निर्माण आदिको लागि HRD आवश्यक र महत्वपूर्ण मानिन्छ ।

Question Bank Nepal

**१०. सरकारी लेखा प्रणालीबारे चर्चा गर्दै यो प्रणालीबाट नेपालको वित्तीय व्यवस्थापनमा पुगेको योगदानबारे चर्चा गर्नुहोस् । (Explain government accounting system and discuss the contribution of this system to financial management in Nepal.)**

**सरकारी लेखा प्रणाली (GAS)**

सरकारको आर्थिक कारोवारको लेखाङ्कन गर्ने, अभिलेख राख्ने र त्यसको नतिजा एवम् यथार्थ आर्थिक स्थिति देखाउन अपनाइने व्यवस्थित कार्यविधिलाई सरकारी लेखा प्रणाली भनिन्छ । सरकारी लेखा प्रणालीको उद्देश्य नाफा नोक्सानको चित्रण गर्नु नभई मुलुकको विकास निर्माण तथा जनतालाई सेवा सुविधा पुऱ्याउनु हो । किनकि सरकारले सञ्चालन गर्ने आर्थिक क्रियाकलाप नाफा कमाउनका लागि नभई मुलुकको विकास एवं जनहितका लागि हो ।

सरकारी लेखाप्रणालीमा व्यापारिक लेखाप्रणालीमा जस्तो पूर्ण रूपमा लेखाका सिद्धान्तहरूलाई अवलम्बन गरिएको हुँदैन । किनकि यो नगदमा आधारित हुन्छ र जिन्सी सामग्रीको दोहोरो प्रभाव देखिने गरी स्रेस्ता पनि राखिँदैन । सरकारी लेखा प्रणालीले सम्पूर्ण सरकार/राज्यको बजेट नियन्त्रण र व्यवस्थापन गर्ने क्षमता राख्दछ । सरकारी लेखा राज्यको सम्पूर्ण कोष व्यवस्थापनको आधार हो ।

नेपाल सरकारको वर्तमान लेखाप्रणाली अन्तर्गत विनियोजन लेखा (केन्द्रीय स्तर, कार्यसञ्चालनस्तर), राजस्व लेखा, जिन्सी लेखा, धरौटी लेखा, आयोजना लेखा र अन्य लेखा पर्दछन । सरकारी लेखाको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण क्रमशः को.ले.नि.का र म.ले.प.को कार्यालयले गर्दछन् । सरकारी लेखाप्रणालीका निम्न लिखित विशेषताहरू रहेको पाईन्छ :–

| सरकारी लेखाप्रणालीका विशेषताहरू | |
|---|---|
| Based on double entry system | Based on cash transaction |
| Based on decentralization-crentral & operating level | Reliability/Comparability/Uniformity |
| Changeablity Relevance | Classification in different heads & subheads |
| Understandability /Flexibility | Wide coverage |
| Guided by financial laws (Acts, rules etc) | No concern with profit & loss |
| Specialization/ Informative | Continuity in financial control |
| Adoption of Internal control system | Clear Accountabilty & Transparency Framework |
| Reconciliation Provision | Uniformity in accounting policies and formats |

सरकारी लेखाप्रणालीका माथी उल्लेखित सवल पक्षपोषित विशेषताहरू विद्यमान हुँदाहुँदै पनि नेपालको सरकारी लेखाप्रणाली सम्पूर्ण आम्दानी, खर्च, सम्पत्ति र दायित्वको यथार्थ चित्रण गर्न नसकेको, जिन्सी लेखालाई Double Entry system मा लैजान नसकेको, सरकारी सम्पत्तिको संरक्षण गर्न वर्तमान जिन्सी स्रेस्ता प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण र अनुगमन गर्नमा कठिन, सबै खालको सहायतालाई वर्तमान लेखाले समेट्न नसकेको, Cash-basis principle कानूनीरुपमा उल्लेख नगरीएको, Non-cash transcation नदेखाइने, बढी नियन्त्रणमुखी, लेखा फारामको बाहुल्य र प्रक्रिया जटिल जस्ता अवगुणहरूबाट मुक्त हुन सकेको अवस्था भने छैन ।

**सरकारी लेखा प्रणालीबाट नेपालको वित्तीय व्यवस्थापनमा पुगेको योगदान**

१. सरकारको आम्दानी र खर्चको यथार्थ जनाकारी प्राप्त गर्न सहयोग मिलेको ।
२. आवश्यक परेको बखत तुरुन्तै राष्ट्रिय वित्तीय अवस्थाको जानकारी दिन सकिने भएको कारण सरकारलाई वित्तीय व्यवस्थापन गर्न सजिलो भएको ।
३. नेपाल सरकारको लेखा प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बनाउन मद्दत पुगेको ।
४. विकास साझेदारहरूले मागेको बखत उनीहरूबाट प्राप्त सहायताको र सोको उपयोगको अवस्थाको Reporting गर्न मद्दत पुगेको ।
५. सरकारले अनुमान गरेको वित्तीय अवस्था र यथार्थ अवस्थाको बीचको तुलना गर्न सजिलो भएको ।
६. विकास सहायता/वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीबाट भित्र्याउन सजिलो भएको ।
७. समग्रमा समष्टिगत आर्थिक परिसूचकहरूको अवस्था पत्ता लगाउन सहज भएको आदि ।

Question Bank Nepal

# ३. लोकसेवा आयोगद्वारा २०७१ सालमा सोधिएका प्रश्नहरू र समाधान

## प्रश्नहरू

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

1. नेपालमा विकेन्द्रीकरणका प्रयासहरु उल्लेख गर्दै स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्वायत्त शासन प्रणालीका विशेषताहरु लेख्नुहोस् । (Mention the efforts of decentralization in Nepal and write the characteristics of local self-governance system based on the Local Self-Governance Act, 1999.) 10

2. नेपालको हालको शासन प्रणाली संसदीय शासन पद्दतिँग मिल्दोजुल्दो छ भनिन्छ । संसदीय शासन पद्दतिका विशेषतासँग हाम्रो शासन प्रणालीको तुलना गर्नुहोस् । (It is said that Nepal's present governance system is similar to a parliamentary system. Comapare our governance system with the characteristics of the parliamentary one.)

3. शासन प्रणलीको लागि पारदर्शिता किन बान्छनीय छ ? नेपालले शासन प्रणालीलाई पारदर्शी बनाउनको लागि लिएका कदमहरु बताउनुहोस् । (Why transparency is desirable in the goernance system? State the steps taken by Nepal to make the governance system transparent.) (5+5)

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

4. नेपालको संवैधानिक विकासक्रम बारेमा प्रकाश पार्दै नेपालको अन्तरिम संविधान, २०६३ का आधारभूत विशेषताहरु के के हुन् ? लेख्नुहोस् । (Describing the constitutional development in Nepal, write down the fundamental features of "Interim Constitution of Nepal, 2063.") (5+5)

5. लोकतान्त्रिक शासन पद्दतिमा नागरिक चेतनाको महत्व उल्लेख गर्नुहोस् । राष्ट्र निर्माणको सन्दर्भमा जनताका जिम्मेवारी प्रस्ट पार्नुहोस् । (Mention the importance of the citivzen awareness in democratic governance system. Clarify the people's responsibilities in the context of nation building.) (5+5)

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

6. विद्युतीय शासन भनेको के हो ? नेपालमा विद्युतीय शासनको सम्भावना बारे टिप्पणी गर्नुहोस् । (What is e-governance? Briefly comment on the prospective of e-governance in Nepal.) (3+7)

7. नेपालमा सार्वजनिक कोषको सदुपयोग गर्न के कस्तो व्यवस्था गरिएको छ ? उल्लेख गर्दै सार्वजनिक कोष सदुपयोग गर्दा नैतिकताको भूमिकाको चर्चा गर्नुहोस् । (What are the provisions for proper utilization of public funds in Nepal? Illustrate role of morality in utilizing public funds.) (5+5)

8. नेपालको सार्वजनिक सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन भन्ने जनगुनासो रहेको छ । यसलाई प्रभावकारी के कस्ता उपायहरु अवलम्बन गर्नुपर्ला ? सुझाव दिनुहोस् । ("The public service delivery is not effective in Nepal" as complained by general people. What should be done in order to make it effective? Suggest.) 10

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

9. नेपालको सार्वजनिक सेवामा मेधावी जनशक्ति आकर्षण गर्न र ती जनशक्तिको कार्य सम्पादन स्तर अब्बल बनाइ राख्न लोक सेवा आयोग र सेवा सञ्चालन गर्ने निकायले के कस्तो भूमिका निर्वाह गर्नुपर्ने ठान्नुहुन्छ ? उल्लेख गर्नुहोस् । (What are the important roles that you consider to be played by public service commission and operting agency to attract talented human resource with higher level of performance?) (5+5)

10. सहभागितामूलक योजनाको सन्दर्भमा नेपालमा भएका सुधार प्रयासहरुको सिंहावलोकन गर्नुहोस् । (In the context of participatory planning, evaluate briefly on the reform efforts taken in Nepal.) 10

Question Bank Nepal

# २०७१ सालमा सोधिएका प्रश्नको समाधान

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

**१. नेपालमा विकेन्द्रीकरणका प्रयासहरू उल्लेख गर्दै स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्वायत्त शासन प्रणालीका विशेषताहरू लेख्नुहोस् । (Mention the efforts of decentralization in Nepal and write the characteristics of local self-governance system based on the Local Self-Governance Act, 1999) 10**

**नेपालमा विकेन्द्रीकरणका प्रयासहरू**

सामान्य अर्थमा विकेन्द्रीकरण भनेको केन्द्रीय एवम् माथिल्लो निकायबाट गरिँदै आएका काम, कर्तव्य, अधिकार र जवाफदेहीता स्थानीय स्तरका निकाय एवम् तल्लो तहका इकाइहरूमा प्रत्यायोजन गर्ने प्रक्रिया हो । यो योजना तर्जुमा, नीति निर्माण, सेवा सुविधा प्रवाह र व्यवस्थापनसँग सम्बन्धित कार्य गर्ने अधिकार, जिम्मेवारी तथा उत्तरदायित्व केन्द्रीय सरकार तथा अन्तर्गतका निकायबाट स्थानीय निकाय वा तल्ला तहका सरकारी निकाय, अर्ध सरकारी सार्वजनिक संस्थान, गैर सरकारी संस्था, नागरिक समाज तथा निजी क्षेत्रलाई प्रत्यायोजन गर्नुसँग सम्बन्धित हुन्छ ।

केन्द्रीकरणका माध्यमद्वारा शासन सञ्चालन वा सेवा प्रवाह गर्दा राज्य संयन्त्र र नागरिक/सेवाग्राही बीचको दूरी अत्याधिक रहने हुँदा सेवा प्रवाह खर्चिलो हुनुका साथै प्रभावकारी समेत हुन सक्दैन । जसले गर्दा राज्य प्रणाली प्रति दूर दराजका जनताको विश्वास टुट्न जान्छ । नेपालमा पनि विकेन्द्रीकरणका माध्यमद्वारा राज्य प्रदत्त सेवा सुविधालाई जनताकै संलग्नता तथा जनताकै समीपमा पुगी वितरण गर्ने उद्देश्यले विभिन्न समयमा विकेन्द्रीकरणका थुप्रै प्रयासहरू गरिँदै आएको पाइन्छ, जसलाई बुँदागत रुपमा निम्नानुसार व्यक्त गर्न सकिन्छ :-

★ वि.सं. २०१८ सालमा नेपाललाई १४ अञ्चल र ७५ जिल्लमा विभाजन गरिएको साथै जिल्ला पञ्चायत नगर पञ्चायत र गाउँ पञ्चायतको गठन ।

★ वि.सं. २०२० र २०२४ सालमा उच्चस्तरीय विकेन्द्रीकरण आयोगको गठन गरी विकेन्द्रीकरणका सम्बन्धमा सुझाव प्रस्तुत गरिएको ।

★ केन्द्रीय निकायमा रहेको शक्ति र अधिकार स्थानीय तहमा निक्षेपण गरिएको ।

★ प्रशासन सुधारका लागि समय समयमा गरिएका प्रशासन सुधारका प्रयासहरूले समेत विकेन्द्रीकरणका माध्यमद्वारा सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्ने सुझाव प्रदान गर्ने गरेका ।

★ २०२९ मा सन्तुलित विकासको अवधारणा सहित मुलुकलाई ४विकास क्षेत्रमा विभाजन गरिएको ।

★ विकेन्द्रीकरणको अवधारणालाई योजनाबद्ध विकास प्रयासमा समेत समेट्न पाँचौ आवधिक योजना (२०३२-२०३७) को उद्देश्यमा प्रादेशिक सन्तुलन कायम गरी प्रादेशिक एकीकरणमा जोड दिने विषय उल्लेख गरिएको ।

★ वि.सं. २०३९ मा विकेन्द्रीकरण ऐन र २०४१ मा विकेन्द्रीकरण नियमावली ल्याइएको ।

★ २०४९ सालमा जिल्ला विकास समिति, नगरपालिका र गा.वि.स. को निर्वाचन भई स्वायत्त शासनको अवधारणा अनुसार राजनीतिक र केही प्रशासनिक अधिकार तल्लो तहमा पुऱ्याइयो ।

★ विकेन्द्रीकरणको प्रयासलाई अझ बढी सशक्त बनाउने कार्य स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ लागू भएपछि पूरा भयो ।

★ तत्पश्चात स्थानीय स्वायत्त शासनको प्रयासलाई अझ बढी व्यवस्थित र जनताप्रति उत्तरदायी बनाउन वि.सं. २०५९ सालमा स्थानीय निकायको निर्वाचन गरिएको ।

★ स्थानीय निकायका आर्थिक गतिविधिलाई व्यवस्थित र पारदर्शी बनाउन स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ समेत जारी भई कार्यान्वयनमा आएको ।

★ नेपालको संविधान, २०७२ द्वारा मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रका रुपमा रुपान्तरित भएको छ ।

उल्लेखित प्रयासहरू सँगसँगै थुप्रै प्रयासहरू प्रत्यक्ष, अप्रत्यक्ष रुपमा विकेन्द्रीकरणलाई सफल र प्रभावकारी बनाउनका लागि लिइएका थिए ।

**नेपालको संविधान २०७२ को धारा ५६ राज्यको संरचना :**

(१) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ ।

(२) नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम गर्ने छन् ।

(३) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा कायम रहेका अनुसूची-४ मा उल्लेख भए बमोजिमका जिल्लाहरू रहेका प्रदेश रहनेछन् ।

Question Bank Nepal

(४) स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहनेछन् । गाउँपालिका र नगरपालिकामा रहने वडाको संख्या संघीय कानून बमोजिम हुनेछ ।
(५) संघीय कानून बमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ ।
(६) संघ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वांगीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने छन् ।

**स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्थानीय स्वायत्र शासनका विशेषताहरू**

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को कार्यान्वयन पछिको वास्तविक वस्तुस्थिति र ऐन स्वयंले उल्लेख गरे अनुरुप स्थानीय स्वायत्त शासनका विशेषताहरूलाई देहायअनुसार चित्रण गर्न सकिन्छ :-

★ निर्णय प्रक्रियामा जनसहभागिताका माध्यमद्वारा शासन सञ्चालनमा प्रभावकारिता,
★ जनसंलग्नताका कारण नागरिकहरूको चाहना र प्राथमिकताका कार्यहरू सम्पादन गर्न सहजता,
★ स्थानीय नीति निर्मता र उपभोक्ता बीचको दूरी कम हुँदा जवाफदेहितामा वृद्धि,
★ शासकीय प्रणालीमा सामुदायिक सहभागितालाई प्राथमिकता अर्थात् शासन प्रणालीमा समावेशी प्रतिनिधित्व,
★ स्थानीय समस्याको पहिचान, विश्लेषण र समाधान स्थानीय तहमै हुने,
★ स्रोत साधनको समानुपातिक एवम् न्यायोचित तवरले परिचालन र वितरणको व्यवस्था,
★ जनताको सशक्तिकरण एवम् राज्यद्वारा प्रदान गरिने सेवा सुविधामा पहुँच,
★ स्थानीय स्तरमा नागरिक समाजको संस्थागत विकास,
★ दिगो र जनमुखी विकासको आधार,
★ सामाजिक समावेशीकरण र सन्तुलित विकासमा जोड,
★ जवाफदेही र पारदर्शी शासन व्यवस्थाको प्रत्याभूति,
★ लोकतन्त्रको संस्थागत विकास,
★ निजी क्षेत्रसँग विकासमूलक साझेदारी,
★ जनताले शासन प्रणालीमा सहभागी हुन पाउने हुँदा अपनत्व र स्वामित्व बोधमा वृद्धि,
★ सुशासन प्रवर्द्धन गर्नमा सहजता,
★ सेवा प्रवाहलाई दक्षतापूर्वक प्रभावकारी बनाउन सकिने आदि ।

अन्त्यमा विकेन्द्रीकरणको पद्दतिले स्थानीय तहलाई निक्षेपित काम, कर्तव्य, अधिकार र जिम्मेवारीको निर्वाह गर्दा प्रजातान्त्रिक प्रक्रिया, पारदर्शी व्यवहार, उत्तरदायी संयन्त्र, न्यायिक वातावरण र जनताको सक्रिय सहभागितामा आधारित भई सेवा वितरणको कार्यमा निजी क्षेत्र र नागरिक समाजलाई सहभागी हुन प्रोत्साहित गर्दछ । तर हाम्रो देशमा विगत करिब १५ वर्षको अवधि देखि स्थानीय निकायको निर्वाचन हुन नसक्दा जनप्रतिनिधिको अभावमा स्थानीय स्वायत्त शासनको अवधारणा अनुरुप प्रभावकारी रुपमा सेवा वितरण हुन सकेको छैन । त्यसैले चालु आर्थिक वर्ष २०७२/७३ को बजेट वक्तव्यमा उल्लेख गरिएझैं यसै वर्ष भित्र यथाशक्य छिटो स्थानीय निकायको निर्वाचन गराउनु आवश्यक छ जसले हाम्रो संघीय शासन प्रणालीमा जाने चाहनालाई मूर्त रुप दिन समेत सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

**२. नेपालको हालको शासन प्रणाली संसदीय शासन पद्दतिसँग मिल्दोजुल्दो छ भनिन्छ । संसदीय शासन पद्दतिका विशेषतासँग हाम्रो शासन प्रणालीको तुलना गर्नुहोस् । (It is said that Nepal's present governance system is similar to a parliamentary system. Comapare our governance system with the characteristics of the parliamentary one.) 10**

**संसदीय शासन प्रणालीको परिचय**

राज्यका अन्य अंगहरूको तुलनामा व्यवस्थापिका/संसद प्रधान रहने शासन प्रणालीलाई संसदीय शासन प्रणाली भनिन्छ । यस शासन प्रणालीमा सामान्यतया राष्ट्रप्रमुख र सरकार प्रमुख अलग अलग व्यक्ति हुन्छन् । संसदीय शासन प्रणालीमा कार्यपालिका प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा व्यवस्थापिकाको समर्थन माथि निर्भर रहन्छ । संसदीय शासन प्रणालीको विकास बेलायतबाट भएको हुनाले बेलायतको संसद भवन रहेको वेष्टमिष्टिरको नामबाट यस शासन प्रणालीलाई वेष्टमिनिष्टर मोडलको शासन प्रणाली पनि भनिने गरेको पाइन्छ । वर्तमान समयमा विश्वका बेलायत, अष्ट्रेलिया, पाकिस्तान लगायत ६६ ओटा देशहरूले पूर्ण रुपको संसदीय शासन प्रणाली अवलम्बन गरेको पाइन्छ ।

हाम्रो देशको शासन प्रणालीमा पनि संसदीय शासन प्रणालीका अधिकांश विशेषता निहित रहेकोले हामीले अवलम्बन गरेको शासन प्रणाली संसदीय शासन प्रणाली हो

Question Bank Nepal

भन्न सकिन्छ । संसदीय शासन पद्दतिका विशेषतासँग हाम्रो शासन प्रणालीको तुलना निम्नानुसार गर्न सकिन्छ :-

**संसदीय शासन पद्दतिका विशेषतासँग हाम्रो शासन प्रणालीको तुलना**

| सि. नं. | संसदीय शासन प्रणालीका विशेषता | हाम्रो शासन प्रणालीमा अवलम्बन गरिएको व्यवस्था |
|---|---|---|
| १. | संसदीय सर्वोच्चता | नेपालको संविधान, २०७२ मा संसदीय सर्वोच्चता भन्ने शब्द उल्लेख नगरिए पनि व्यवहारमा भने संसदीय सर्वोच्चता कायम रहेको । |
| २. | राष्ट्रप्रमुख र सरकार अलग अलग अस्तित्व हुने | राष्ट्रप्रमुखको रुपमा राष्ट्रपति र सरकारप्रमुखका रुपमा कार्यकारी प्रधानमन्त्री रहने व्यवस्था । |
| ३. | बहुमतले शासन गर्ने, संसदको बहुमतबाट विश्वास प्राप्त व्यक्ति नै सरकार प्रमुख हुने | वर्तमान संविधानको धारा ७६ (१) मा राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषदको गठन हुने व्यवस्था छ । |
| ४. | संसदका सदस्यहरूबाट नै मन्त्रिपरिषदको गठन हुने | सामान्यतया यही व्यवस्था बमोजिम गरिने भएता पनि संसदको सदस्य नरहेको व्यक्ति पनि ६ महिना सम्म मन्त्रि परिषदको सदस्य हुन सक्ने संवैधानिक प्रावधान रहेको र अभ्यास समेत गरिएको |
| ५. | संसदमा बहुमत हुने हुनाले सरकारले प्रभावकारी रुपमा बिना अवरोध कार्य गर्न सक्ने | हाम्रो जस्तो उन्नत राजनीतिक संस्कारको विकास भई नसकेको मुलुकमा सरकारले सरकार भित्रै र बाहिरबाट अवरोध व्यहोर्नुपर्ने । |
| ६. | कडा दलीय अनुशासन र ह्वीप प्रणाली स्वीकार गरिने | नेपालको शासन प्रणालीमा यो विशेषताको पूर्ण रुपमा अवलम्बन गरिएको छ । |
| ७. | सरकार प्रमुख निरंकुश र गैर जिम्मेवार बन्न सम्भावना कम हुने | संविधानमा प्रधानमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव लैजान पाउने व्यवस्था भएकोले संसदीय शासन प्रणालीको यस विशेषता पनि हाम्रो शासन प्रणालीमा लागु भएको पाइन्छ । |
| ८. | सशक्त र जिम्मेवार प्रतिपक्षको व्यवस्था रहने | हामी कहाँ पनि यस व्यवस्था प्रयोगमा रहेको । |
| ९. | मन्त्रिपरिषद र त्यसका सदस्यहरू सामूहिक र व्यक्तिगत दुवै तरिकाले संसदप्रति उत्तरदायी हुने | नेपालको संविधान, २०७२ मा समेत यस सम्बन्धमा व्यवस्था गरिएको र व्यवहारिक रुपमा पनि यस विशेषता अनुरुप शासन प्रणाली सञ्चालन भएको पाइन्छ । |
| १०. | संसदले असहयोग गरेमा प्रधानमन्त्रीले संसदको विघटन गरी ताजा जनादेशका लागि निर्वाचनमा जान सक्ने | नेपालमा यस विशेषता अनुरुपको प्रयोग संसदीय प्रणाली अनुरुपको शासन व्यवस्था सञ्चालन भएको लामो समय भई सक्दा समेत पूर्ण रुपमा भएको पाइदैन । |

निष्कर्षमा भन्नुपर्दा संसदीय शासन प्रणाली विश्वमा प्रचलित विविध शासन प्रणालीमध्ये एक हो । बेलायत, अष्ट्रेलिया लगायतका विकसित राष्ट्रमा यो शासन प्रणाली सफल भएको भएता पनि हाम्रो जस्तो अविकसित राष्ट्रमा यो शासन प्रणाली त्यति सफल भएको पाइँदैन । कुनै पनि शासन प्रणाली आफैमा सफल र असफल भन्ने हुँदैन, सबैको आ-आफ्नै विशेषता, सबल एवम् कमजोर पक्ष हुन्छन् त्यसैले शासन प्रणालीलाई सफल बनाउनका लागि खाँचो छ त केवल उच्च नैतिक एवम् इमान्दार राजनीतिक नेतृत्व र विकसित राजनीतिक संस्कृति एवम् संस्कारको ।

**३. शासन प्रणालीको लागि पारदर्शिता किन बान्छनीय छ ? नेपालले शासन प्रणालीलाई पारदर्शी बनाउनको लागि लिएका कदमहरू बताउनुहोस् । (Why transparency is desirable in the goernance system? State the steps taken by Nepal to make the governance system transparent.) (5+5)**

**शासन प्रणालीमा पारदर्शिताको आवश्यकता**

सरकारद्वारा आफ्नो नीति र कार्य सम्बन्धमा सर्वसाधारणलाई सुसूचित गर्नुपर्ने, उक्त नीति वा निर्णय लिनुपर्ने आधार र कारण, त्यसको कार्यान्वयनबाट पर्ने प्रभाव एवम् त्यसमा लाग्ने खर्चको पूर्ण जानकारी दिइने प्रचलन तथा सामान्य नागरिक लगायत सरोकारवाला सबैले सरकारी लिखत प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गरिनुलाई

Question Bank Nepal

पारदर्शिता भनिन्छ । पारदर्शिता कुनै पनि शासन प्रणाली जनताप्रति जवाफदेहि वा असल छ छैन भन्ने कुराको सूचक हो । शासन प्रणाली प्रति जनताको अपनत्व एवम् स्वामित्व बोधका लागि समेत पारदर्शिता कायम गर्नु वाञ्छनीय हुन जान्छ । यसका अलावा शासन प्रणालीमा पारदर्शिताको आवश्यकता एवम् महत्वलाई निम्नानुसार व्यक्त गर्न सकिन्छ :-

★ पारदर्शिता शासन प्रणाली प्रति जनविश्वास प्राप्त गरी सो प्रति उनीहरूको अपनत्व जगाउनका लागि आवश्यक पर्दछ ।
★ सार्वजनिक निकाय एवम शासन सञ्चालन गर्ने अधिकारी वा निकायको व्यवहार र आचरणमा नियन्त्रण र सन्तुलन कायम राख्न पारदर्शिता आवश्यक हुन्छ ।
★ पारदर्शिताले शासन प्रणाली एवम् सार्वजनिक निर्णय प्रक्रियालाई सहभागितामूलक बनाई प्रभावकारिता अभिवृद्धि गराउन मद्दत गर्दछ ।
★ हाम्रो जस्तो वैदेशिक सहायताको आवश्यकता रहेको मुलुकमा विकासका साझेदार राष्ट्र एवम् संस्थाहरूलाई उनीहरूले गरेको सहायताको दुरुपयोग भएको छैन र हुँदैन भन्ने विषयमा विश्वस्त तुल्याउन पनि शासन प्रणाली र यसका काम कारबाहीमा पारदर्शिता कायम राख्न आवश्यक हुन्छ ।
★ सार्वजनिक नीति निर्माण एवम् कार्यान्वयनमा प्रभावकारिताका लागि समेत नीति निर्माण चक्रका सबै चरणमा पारदर्शिता कायम राख्नु वाञ्छनीय हुन जान्छ ।
★ असल शासनको प्रत्याभूतिका लागि समेत शासन प्रणालीमा पारदर्शिता अवलम्बन गर्नु आवश्यक छ ।
★ पारदर्शिताले कुनै पनि काम कारबाहीका सन्दर्भमा हुने अनुत्पादक र व्यर्थको हल्लालाई निरुत्साहित गर्दछ ।
★ लोकतान्त्रिक शासन व्यवस्थामा जनताको आत्मसम्मानका लागि समेत पारदर्शिता आवश्यक छ ।

**नेपालको शासन प्रणालीलाई पारदर्शी बनाउन चालेका कदमहरू**

पारदर्शिताले लोकतान्त्रिक शासन व्यवस्थाको अनिवार्य पूर्वशर्तका रुपमा बहेको हुँदा नेपालले शासन प्रणालीलाई पारदर्शी एवम् जनताप्रति उत्तरदायी बनाउन विभिन्न प्रयासहरू गर्दै आएको छ जसमध्ये केही प्रयासहरूलाई देहाय अनुसार व्यक्त गर्न सकिन्छ :-

**(क) नीतिगत प्रयासहरू**

नेपालले शासन प्रणालीलाई पारदर्शी बनाउन अपनाएका नीतिगत प्रयासहरू निम्न छन् :-

★ नेपालको संविधान, २०७२ मा खुल्ला र पारदर्शी शासन प्रणालीलाई संविधानको प्रस्तावनामै उल्लेख गरिएको ।
★ सूचनाको हकलाई नागरिकको मौलिक हकको रुपमा संविधानमा नै व्यवस्था गरिएको ।
★ नेपालको संविधान, २०७२ मा शासन प्रणालीलाई पारदर्शी बनाउन मद्दत पुर्‍याउने महालेखा परीक्षक तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था ।
★ सम्पूर्ण संवैधानिक अंगले वर्षभरिमा गरेका कार्यहरूको वार्षिक प्रगति प्रतिवेदन राष्ट्रपति मार्फत जनप्रतिनिधिमूलक संस्था व्यवस्थापिका संसद समक्ष पेश गर्नुपर्ने प्रावधान ।
★ संवैधानिक निकायका प्रमुख, राजदुत लगायतका पदाधिकारीको नियुक्तिमा संसदीय सुनुवाईको व्यवस्था रहेको ।
★ कुनै पनि सन्धी सम्झौता व्यवस्थापिका संसदबाट अनुमोदन गराउनुपर्ने व्यवस्था ।
★ आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ मा प्रत्येक सरकारी निकायले खर्च तथा राजस्वको विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था ।
★ सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ मा प्रत्येक निकाय र पदाधिकारीको काम, कर्तव्य र जिम्मेवारी तोकिएको ।
★ सूचनाको हक सम्बन्धी ऐन, २०६३ र नियमावली, २०६४ मा सार्वजनिक हित एवम् सरोकारको विषयमा मागेको बखत सूचना दिनुपर्ने र सूचनाको वर्गीकरण गरी समय समयमा प्रकाशित गर्नुपर्ने व्यवस्था ।
★ लेखापरीक्षण ऐन, २०४८ हरेक आर्थिक क्रियाकलापको लेखापरीक्षण गराउनुपर्ने ।
★ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ ।
★ सम्पत्ति (शुद्धिकरण निवारण) ऐन, २०६४ र नियमावली, २०६५ ।
★ सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ आदि ।

**(ख) संस्थागत व्यवस्था**

★ व्यवस्थापिका संसद र सार्वजनिक लेखा समिति लगायतका विषयगत समितिहरू,
★ महालेखा परीक्षकको कार्यालय,
★ महालेखा नियन्त्रक कार्यालय तथा ७५ जिल्लामा रहेका कोष तथा लेखा नियन्त्रक कार्यालयहरू,
★ प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
★ राष्ट्रिय योजना आयोगको सचिवालय,
★ राष्ट्रिय सतर्कता केन्द्र,
★ अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
★ राष्ट्रियसूचना आयोग लगायत,
★ स्वतन्त्र सञ्चार गृहहरू आदि ।

Question Bank Nepal

### (ग) कार्यगत/व्यवहारगत व्यवस्थाहरू

★ प्रत्येक सरकारी कार्यालयहरूमा सूचना अधिकारी तथा प्रवक्ताको व्यवस्था,

★ प्रत्येक सरकारी निकायले आफ्नो कार्यालयको मासिक राजस्व र आम्दानीको विवरण महिना भुक्तान भएको मितिले को.ले.नि.का. मार्फत सार्वजनिक गर्ने,

★ हरेक सरकारी कार्यालयमा नागरिक बडापत्रको व्यवस्था,

★ २५ हजार रुपैयाँ भन्दा बढीको बिल भुक्तानी गर्नु पर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत सार्वजनिकीकरण गरी सार्वजनिक भएको ४८ घण्टा पछि मात्र भुक्तानी दिने व्यवस्था,

★ सम्पूर्ण संवैधानिक अंगको वार्षिक प्रतिवेदन माथि व्यवस्थापिका संसदमा छलफल,

★ महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याइएका गहन प्रकृतिका बेरुजु उपर व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितिमा छलफल गरिने,

★ महत्वपूर्ण संवैधानिक, न्यायिक तथा कार्यकारी पदाधिकारी नियुक्तिमा संसदीय सुनुवाई गरिने,

★ स्थानीय निकायहरूमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरिने,

★ प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा हेलो सरकारको व्यवस्था,

★ अर्थ मन्त्रालयमा विगुल प्रणाली लगायतका थुप्रै विषयगत मन्त्रालयमा गुनासो सुनुवाईको व्यवस्था,

★ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय Less Paper Organization का रुपमा विकास भएको।

अन्त्यमा भन्नुपर्दा कुनै पनि प्रजातान्त्रिक शासन व्यवस्थामा पारदर्शिता शासन सञ्चालनको अनिवार्य पूर्वशर्त हो। हाम्रो देशमा शासन प्रणालीलाई पारदर्शी बनाउनमा प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा विकासका साझेदारहरूको पनि हात छ, उनीहरूले नेपाललाई विकास सहायता प्रदान गर्दा पारदर्शितालाई अनिवार्य पूर्वशर्तको रुपमा लिएका हुन्छन्। विगतमा भन्दा वर्तमान समयसम्म आइपुग्दा नेपालको शासन धेरै पारदर्शि भएको छ तर यसमा अझै पनि सुधार गर्दै अघि बढी E-governance लाई पूर्ण रुपमा लागू गर्नु हाम्रो आवश्यकता हो।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

**४. नेपालको संवैधानिक विकासक्रम बारेमा प्रकाश पार्दै नेपालको अन्तरिम संविधान, २०६३ का आधारभूत विशेषताहरू के के हुन् ? लेख्नुहोस्। (Describing the constitutional development in Nepal, write down the fundamental features of "Interim Constitution of Nepal, 2063.") (5+5)**

*(नेपालको अन्तरिम संविधान, २०६३ खारेज भई सम्वत् २०७२ साल असोज ३ गते बाट नेपालको संविधान लागू भएकोले प्रस्तुत प्रश्नको समाधान पनि नेपालको संविधान २०७२ अनुरुप प्रस्तुत गरिएको छ।)*

### नेपालको संवैधानिक विकासक्रम

नियम कानूनको अभावमा नियमित जीवन यापन असम्भव नै हुने हुनाले राज्य व्यवस्था संचालनका लागि असल संविधानको जरुरत पर्दछ। नेपालमा कानून निर्माणको इतिहास हेर्दा राजा जयस्थिति मल्लले मात्र संहिताकृत कानूनबाट राज्य व्यवस्था संचालन गरेका थिए भने त्यस भन्दा पूर्व ताम्रपत्र, शिलालेख, धर्मशास्त्रको सहायतामा राज्य व्यवस्था संचालन हुन्थ्यो। राणा प्रधानमन्त्री जंगबहादुर राणाले युरोप भ्रमणबाट फर्केपछि वि.सं.१९१० साल पौष ७ गते नेपालमा मुलुकी ऐन लागू गरेका थिए। जसले कानूनको विकासमा महत्वपूर्ण योगदान पुऱ्यायो। वि.सं. १९१० सालमा नै जरा गाडेको कानूनले संवैधानिक कानूनको रुपमा तत्कालीन श्री ३ पदम समशेर ज.ब.रा.को शासन कालमा जारी भएको नेपालको पहिलो लिखित संविधान नेपाल सरकार वैधानिक कानून, २००४ बाट इतिहास स्थापित गर्न पुग्यो। नेपालमा सो समय देखि हालसम्म देहाय बमोजिम ६ वटा संविधान जारी भएका छन्।

| नेपालमा हालसम्म जारी भएका संविधान |
|---|
| • नेपालको वैधानिक कानून, २००४ (श्री ३ पद्मशमशेरद्वारा घोषणा) |
| • नेपालको अन्तरिम शासन विधान, २००७ (श्री ५ त्रिभुवनद्वारा जारी) |
| • नेपाल अधिराज्यको संविधान, २०१५ (श्री ५ महेन्द्रद्वारा जारी) |
| • नेपालको संविधान, २०१९ (श्री ५ महेन्द्रद्वारा जारी) |
| • नेपालको अधिराज्यको संविधान २०४७ (श्री ५ विरेन्द्रद्वारा जारी) |
| • नेपालको अन्तरिम संविधान २०६३ (प्रतिनिधि सभाद्वारा जारी) |
| • नेपालको संविधान (२०७२) (संविधानसभाद्वारा जारी) |

नेपालको संवैधानिक विकासक्रममा नेपालमा बि.सं. २००४ सालमा जारी भएको नेपालको वैधानिक कानून, २००४ देखि २०७२ सालमा जारी भएको नेपालको संविधान सम्मका संविधानहरूबारेमा यहाँ संक्षेपमा चर्चा गरिएको छ।

#### (१) नेपाल सरकार वैधानिक कानून, २००४

वि.सं. २००४ साल भन्दा अगाडी नेपालमा कुनै लिखित संविधान थिएन। यो नै नेपालको पहिलो लिखित संविधान हो।

Question Bank Nepal

तत्कालिन प्रधानमन्त्री पद्मशम्सेरले भारतबाट निम्त्याईएका कानुनविद्हरुको परामर्शको आधारमा २३ माघ, २००४ मा नेपाल सरकार वैधानिक कानून,२००४ जारी गरेका थिए । वि.सं. २००५ साल वैशाख १ गतेबाट लागू हुने भनिएको नेपाल सरकार वैधानिक कानून, २००४ पूर्णरुपमा लागू नभए तापनि नेपालको संवैधानिक विकासक्रममा प्रथम लिखित दस्तावेजको रुपमा रहन पुग्यो । यस कानूनमा कुल ६ भाग, ६८ धारा, १ अनुसूची रहेका थिए ।

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको व्यवस्था, पञ्चायतका विभिन्न इकाईहरूको संविधानमा नै व्यवस्था, निःशुल्क अनिवार्य प्राथमिक शिक्षाको व्यवस्था, मौलिक हक तथा कर्तव्यको व्यवस्था लगायत नेपाल सरकार वैधानिक कानुन, २००४ मा उल्लेखित केही विशेषताहरुबाट संविधानवादका केही अवधारणालाई लागू गर्न खोजेको जस्तो देखिन्छ तापनि यस कानुनको स्रोत नै वैधानिक नभएको कुरा स्पष्ट छ । यथार्थमा भन्दा यस संविधानले तत्कालीन श्री ५ को उत्तराधिकारी क्रम स्विकारमात्र गरी सम्पूर्ण अधिकार श्री ३ मा प्रत्यायोजित गराई प्रधानमन्त्रीको रोलक्रमलाई राणा परिवारमा सीमित पारी अपरिवर्तनीय बनाएको पाईन्छ । जसले गर्दा जनभावना विपरितको संविधान हुन गै राजा र जनताको संयुक्त प्रयासबाट राणा विरोधी आन्दोलन शुरु भयो । वि.सं. २००७ साल फागुन ७ गते राणाशासनको अन्त्य सँगै नेपाल सरकार वैधानिक कानून, २००४ को पनि औचित्य समाप्त हुन गयो ।

### (२) नेपालको अन्तरिम शासन विधान, २००७

जहाँनिया राणशासन विरुद्धको बि. सं. २००७ सालको जनक्रान्ति सफल भै वि.सं. २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्र आएको घोषणा राजा त्रिभुवनले गरे । २००७ साल फागुन ७ गते शाही घोषणा मार्फत मोहन शम्सेरको प्रधान मन्त्रीत्वमा राणा कांग्रेस मन्त्रीमण्डल बन्यो र जनताद्वारा रोजिएको वैधानिक सभालाई स्थायी संविधान बनाउन दिने घोषणा गरे र स्थायी बन्दोबस्त नहुन्जेलको लागि नेपाल अन्तरिम शासन विधान,२००७ वि.सं. २००७ साल चैत्र १९ गतेबाट लागू गरियो ।

कुल ७ भाग, ७२ धारा, २ अनुसूची रहेको यस संविधान छोटो समयका लागी भनी जारी भएको भएपनि यस संविधान अन्तरिम समय लम्बिएको कारण करीब नौ वर्ष सम्म प्रचलनमा आएको थियो । संविधानको श्रोत राजालाई मानेको, मौलिक हकहरूको प्रष्टरूपमा उल्लेख गरिएको, कार्यपालिका र न्यायपालिकाको व्यवस्था गरी व्यवस्थापिकाको स्पष्ट व्यवस्था नगरेको, व्यवस्थापन कार्यमा राजा लाई सल्लाह दिनको लागि सल्लाहकार सभाको व्यवस्था, कार्यपालिका, व्यवस्थापिका र न्यायसम्बन्धी अधिकार अन्ततः राजा मा निहित आदिलाई यस संविधानका प्रमुख विशेषताहरूका रुपमा लिईन्छ । विभिन्न मितिमा गरी ६ पटक संशोधन भएको यस संविधान वि.सं.२०१५ सालमा नयाँ संविधान नआउदा सम्म मुलुकमा लागू भयो ।

### (३) नेपाल अधिराज्यको संविधान, २०१५

संविधानको विकासक्रम अगाडी बढ्दा अन्तरिम शासन विधानको उद्देश्य निर्वाचित उत्तरदायी सरकारको गठन गर्नुपर्ने थियो । तर त्यस विषयमा अन्तरिम शासन विधानमा उल्लेखित नै थिएन । त्यसैले तत्कालीन राजा श्री ५ महेन्द्रबाट २०१४ साल चैत्र ११ गते श्री भगवतिप्रसाद सिंहको अध्यक्षतामा ५ सदस्यीय एउटा संविधान समिति गठन गरी उक्त समितिलाई सल्लाह दिन संवैधानिक कानूनका विशेषज्ञ बेलायती नागरीक सर आइभर जेनिङ्गसलाई तोकी २०१५ साल फाल्गुण १ गते मात्र बहुदलीय प्रकृतिको संविधान लागू भएको देखिन्छ । यसरी नेपालको संवैधानिक इतिहासमा अर्को चरण थपिन गयो । राजा महेन्द्रबाट २०१५ साल फाल्गुण १ गते संवैधानिक राजतन्त्रात्मक ढङ्गको सरकारको व्यवस्थाबाट राजनैतिक स्थिरता ल्याई सामाजिक, राजनीतिक र आर्थिक न्याय तथा राष्ट्रको एकता कायम गर्ने उद्देश्यले नेपाल अधिराज्यको संविधान, २०१५ जारी गरिएको थियो ।

यस संविधानका प्रमुख विशेषताका रुपमा सार्वभौमसत्ता तत्कालीन श्री ५ मा निहित, संविधानको श्रोत राजा, संसदीय व्यवस्थाको स्थापना, द्धिसदनात्मक व्यवस्थापिका, उपचार सहितको मौलिक हकको व्यवस्था, संकटकालिन अधिकार श्री ५ मा निहित, स्वतन्त्र र सक्षम न्यायपालिकाको संरक्षण गर्न खोजेको, शक्तिपृथकीकरण र संतुलनको अभ्यास शुरु, संवैधानिक निकायहरू, संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र आदिको अवलम्बन गर्नुलाई लिईन्छ । यस संविधानको धारा ५५ मा रहेको श्री ५ को स्वविवेकिय अधिकार प्रयोग गरी राजा महेन्द्रले बहुदलीय संसदीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको अन्तगरी २०१७ पौष १ गते बहुदलीय व्यवस्थामा प्रतिबन्ध लगाई निर्दलीय निरंकुश पंचायती व्यवस्था लागू गरे, जो पछि संविधानको संशोधित रुपमा २०१९ मा साल सम्म रह्यो ।

### (४) नेपालको संविधान, २०१९

राजा महेन्द्रले वि.सं. २०१७ सालमा पौष १ गतेका दिन नेपाल अधिराज्यको संविधान, २०१५ को भाग ३,४ (धारा ११ बाहेक), ५ (धारा ५५ बाहेक), ९ (धारा ७३ बाहेक), १० का सबै धाराहरू निलम्बन गरी संविधानको धारा ५५ अनुसार देशमा संकटकालिन अवस्थाको घोषणा गरियो । राज्य संचालन राजाको अध्यक्षतामा गठित मन्त्री परिषद् मार्फत गरी शासन संचालन गर्न विशेष व्यवस्था ऐन, २०१७ ल्याइयो । २०१७ साल मंसिर २५ गते मौलिक हक एवं अन्य कार्यविधि सम्बन्धी धाराहरू पुर्नवहाली गरी २०१९ वैशाख २६ गते एक संविधान मस्यौदा आयोग गठन गरी सोही आयोगद्धारा मस्यौदित संविधान २०१९ साल पौष १ गतेका दिन नेपालको संविधान, २०१९ को रुपमा घोषणा गरियो । सो संविधानको



Question Bank Nepal

सम्पूर्ण अधिकारको श्रोत मान्दै राजालाई पहिलेको भन्दा बढि शक्तिशाली बनाई शासन व्यवस्था २०१९ अनुसार संचालन हुन थाल्यो ।

सार्वभौमसत्ता राजामा निहित गरी संविधानलाई मूल कानुनको रुपमा मान्नु, नेपाललाई हिन्दू अधिराज्य घोषणा गर्नु, एकात्मक शासन व्यवस्था, नागरिकताको व्यवस्था पहिलोपटक संविधानमै गर्नु, संवैधानिक उपचार सहितको मौलिक हकको व्यवस्था गरेको तर त्यसलाई बन्देज लगाउन सक्ने कानुनको निर्माण गर्न सकिने कुरा समेत उल्लेख गर्नु, पञ्चायती व्यवस्थाको सुदृढीकरणका लागि पञ्चायत नीति तथा जाँचबुझ समितिको व्यवस्था गरेको, निर्वाचनमा उमेदवार हुनको लागि कुनै एक पञ्चायतको वर्गीय संगठनको सदस्य हुनुपर्ने व्यवस्था गर्नुलाई यस संविधानका प्रमुख विशेषताका रुपमा लिने गरिन्छ । यस संविधान कुल २० भाग, ९७ धारा र ६ अनुसूचीमा विभाजित थियो भने विभिन्न मितिमा तीन पटकसम्म संशोधन भएको पाईन्छ । वास्तवमा यस संविधानमा भएका तीन वटै संशोधन कुनै समयमा पंचायतलाई बलियो बनाउन ल्याईएको थियो र कुनै समय जनताको विरोधलाई आँखामा छारो हाल्न ल्याईएको थियो । तर यसले अन्तिममा वि.सं. २०४६ सालको जनआन्दोलनमा गएर घुँडा टेकेको देखिन्छ ।

**(५) नेपाल अधिराज्यको संविधान, २०४७**

वि.सं. २०४६ सालको ऐतिहासिक जनआन्दोलनको सफलता पछि तत्कालीन राजा श्री ५ वीरेन्द्रबाट २०४७ साल कार्तिक २३ गते शाही घोषणा मार्फत यो संविधान नेपाल र नेपाली जनताको लागि दिएका थिए । श्री विश्वनाथ उपाध्यायको अध्यक्षतामा गठित ९ सदस्यीय संविधान सुझाव आयोगले यस संविधानको मस्यौदा तयार गरेको थियो । कुल २३ भाग १३३ धारा र ३ अनुसूची सहितको यससंविधानलाई नेपालको संवैधानिक विकास सन्दर्भमा एक महत्वपूर्ण उपलब्धिको रुपमा लिने गरिन्छ । नेपाल अधिराज्यको संविधान,२०४७ विश्वमै उत्कृष्ट संविधानको रुपमा चर्चा गरिन्थ्यो ।

तीन दशक लामो निर्दलीय निरंकुश पंचायती व्यवस्थाको अन्त गर्दै आएको यस संविधानको धारा १ ले संवैधानिक कानून हुने, संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुने, धारा २ ले जाति र धर्मको आधारमा जनता एक सूत्रमा आवद्ध समष्टिगत रुपमा एक राष्ट्र हो भन्ने उल्लेख गरेको पाईन्छ । यस संविधानको भाग १९ मा भएको संविधानको असंशोशनीय चरित्र हाब्बी भई यो पनि असफल संविधान हुन पुग्यो । यो संविधान त्यस बेला असफल भयो जब तत्कालीन राजा श्री ५ ज्ञानेन्द्रबाट जनमत प्राप्त प्र.म. लाई हटाई शासन व्यवस्था आफ्नो हातमा लिंदा पनि संविधानको संरक्षक संस्था सर्वोच्च अदालत मौन रहन गयो । जनयुद्धमा होमिएको ने.क.पा. (माओवादी) र संसदवादी सात राजनितिक दलहरू बीचमा भएको १२ बुँदे संझौताको जगमा भएको १९ दिने जन आन्दोलन भाग-२ ले संविधानको धारा १४७ लाई प्रयोग गरी ४ वर्ष प्रत्यक्ष शासन गरेका राजा ज्ञानेन्द्रलाइ घुँडा टेकाई दलहरूको माग अनुरुप गठित प्रतिनिधि सभालाई पुर्नस्थापना गरी संसदवादी राजनीतिक दलहरूकै प्रयासमा माओवादीलाई पनि शान्ति प्रकृयामा ल्याई नयाँ संविधानको निर्माण गर्न संविधान सभाको निर्वाचन सबैको साझा एजेन्डा बनाईयो ।

**(६) नेपालको अन्तरिम संविधान ,२०६३**

तत्कालीन राजा ज्ञानेन्द्रको प्रतिगमनकारी कदम र जनआन्दोलन, २०६२।०६३ को सफलताको जगमा नेपालको अन्तरिम संविधान २०६३ निर्माण गरिएको हो । यस संविधानमा प्रस्तावना, २५ भाग, १६७ धारा र ४ अनुसूचीको रहेका छन् । सर्वोच्च अदालतका पूर्व न्यायाधीश श्री लक्ष्मण प्रसाद अर्यालको संयोजकत्वमा गठित १६ सदस्यीय संविधान मस्यौदा समितिले यस संविधानको मस्यौदा तयार पारेको थियो । समितिद्वारा पेश गरिएको उक्त संविधान मस्यौदामा सहमति हुन नसकेमा धेरै विषयमा विकल्पहरू प्रस्तुत गरिएको थियो । व्यापक राजनैतिक छलफल पछि सहमति कायम हुन नसकेका विषयमा राजनैतिक सहमति कायम गरी अन्तरिम संविधान मस्यौदालाई अन्तीम रूप दिई २०६३ साल माघ १ गते देखि लागू हुने गरी नेपालको अन्तरिम संविधान, २०६३ तत्कालीन प्रतिनिधि सभाद्वारा जारी गरी वर्तमान व्यवस्थापिका संसदबाट अनुमोदन गरिएको थियो ।

**(७) नेपालको संविधान ,२०७२**

नेपाली जनताबाट निर्वाचित ६०१ सदस्यीय संविधान सभाले गणतन्त्र नेपालको नयाँ संविधानको रुपमा नेपालको संविधान निर्माण गरी दुई तिहाइ बहुमतबाट पारित गरी वि.सं. २०७२ असोज ३ गते देखि उक्त संविधान लागू भएको छ । नेपालको संवैधानिक इतिहासमा यो संविधान नै गणतन्त्रात्मक एवम् संघात्मक नेपालको प्रथम संविधानको रुपमा जारी भई लागू भएको मान्न सकिन्छ । यस संविधानमा ३५ भाग, ३०८ धारा र ९ अनुसूचीको रहेका छन् । यस संविधानले संविधानवादका मूल्य मान्यतालाई अवलम्बन गर्दै एकात्मक राज्य सत्तालाई संघात्मक तर्फ अगाडि बढाएको छ ।

**नेपालको संविधान, २०७२ का आधारभूत विशेषताहरू**

वर्तमान नेपालको संविधान, २०७२ को प्रस्तावना तथा समग्र संविधानलाई अध्ययन गर्दा यस संविधानका विशेषताहरू सहजै पहिचान गर्न सकिन्छ । यस संविधान संविधान सभाबाट नयाँ संविधानको रुपमा जारी भएको संविधान हो । जसमा संविधानवादका आधारभूत तत्वहरू समावेश गरिएको पाइन्छ । यस संविधानका मूलभूत विशेषताहरूलाई देहायको बुँदामा प्रस्तुत गर्न सकिन्छ :–

★ लोकतान्त्रिक गणतन्त्रको संस्थागत सुदृढीकरण
★ लोकतान्त्रिक मूल्य मान्यताहरूको प्रवर्द्धन
★ विभेदको अन्त्य र समानताको प्रत्याभूति



Question Bank Nepal

★ संघीय राज्य व्यवस्थाको सुनिश्चितता
★ सामाजिक न्याय र सामाजिक आर्थिक अधिकारको प्रत्याभूति
★ समावेशी शासन प्रणालीको सम्बर्द्धन
★ राष्ट्रियता र राष्ट्रिय स्वाभिमान उचाईमा
★ समाजवाद उन्मुख राज्यव्यवस्था
★ सामाजिक सुरक्षाको प्रत्याभूति
★ दिगो शान्तिको आधार निर्माण
★ लैङ्गिक समानताको प्रत्याभूति
★ प्रगतिशील कार्यान्वयनको व्यवस्था
★ नागरिकता सम्बन्धी नयाँ व्यवस्था
★ स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका
★ प्राकृतिक स्रोत तथा वित्तीय आयोगको व्यवस्था
★ संविधानमा नै मौलिक कर्तव्यको व्यवस्था
★ राष्ट्रिय हितका आधारभूत विषयहरू उल्लेख
★ सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा
★ राष्ट्रिय महत्वको विषयमा जनमत संग्रहबाट निर्णय गरिने व्यवस्था
★ अनुसूचीमा संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूची

नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटकपटक गर्दै आएका ऐतिहासिक संघर्ष र जनआन्दोलन मार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै संविधान सभाबाट तयार पारिएको वर्तमान संविधान नेपालको संविधान, २०७२ को प्रस्तावना तथा समग्र संविधानलाई अध्ययन गर्दा यस संविधानका माथी उल्लेखित विशेषताहरू सहजै पहिचान गर्न सकिन्छ ।

*(नोट : प्रश्नमा नेपालको अन्तरिम संविधान, २०६३ का मूलभूत विशेषता सोधिएको भएता पनि अहिले नयाँ संविधानको रुपमा "नेपालको संविधान" आइसकेकोले सोही संविधानका आधारभूत विशेषताहरु यहाँ उल्लेख गरिएको छ ।)*

**५. लोकतान्त्रिक शासन पद्धतिमा नागरिक चेतनाको महत्व उल्लेख गर्नुहोस् । राष्ट्र निर्माणको सन्दर्भमा जनताका जिम्मेवारी प्रस्ट पार्नुहोस् । (Mention the importance of the citivzen awareness in democratic governance system. Clarify the people's responsibilities in the context of nation building.) (5+5)**

**लोकतान्त्रिक शासन पद्धतिमा नागरिक चेतनाको महत्व**

नागरिक चेतना भन्नाले नागरिकमा रहेको समाजमा जिम्मेवारी बहन गर्नका लागि आवश्यक ज्ञान, सीप र सकारात्मक सोचलाई जनाउँदछ । यो समग्र असल नागरिकहरूको सकारात्मक सोच र पहिचानको समग्रता हो । अर्को शब्दमा भन्दा राज्यको सामाजिक र आर्थिक अवस्थाको सही चित्रण गर्न सक्ने क्षमता र दक्षतालाई नै नागरिक चेतना भनिन्छ । नागरिक चेतना शिक्षाबाट प्राप्त हुन्छ ।

लोकतान्त्रिक शासन पद्दतिमा शासन सञ्चालनको आधार र केन्द्र दुवैको रुपमा नागरिक रहने भएकाले शासन पद्दतिको सफलतालाई नागरिकको चेतनाको स्तरले प्रभाव पारेको हुन्छ । त्यसैले लोकतान्त्रिक शासन पद्दतिमा उच्च स्तरको नागरिक चेतनाको ठूलो महत्व रहने गर्दछ, जसलाई सारांशमा देहायका बुँदाहरूद्वारा व्यक्त गर्न सकिन्छ :-

★ जनताको आवश्यकता र चहना अनुसार शासन सञ्चालन गर्न र जनप्रतिनिधि छनौट गर्न पाउने अधिकारलाई सुनिश्चित गर्न,
★ नागरिकको क्षमता विकास र शासन सञ्चालन प्रक्रियामा नागरिक सहभागितालाई सुनिश्चित गर्न,
★ जनताकै सहभागितामा विकास योजना कार्यान्वयन गरी विकासका अवसरहरूको न्यायोचित वितरण गर्न,
★ सरकारका गतिविधिहरूमाथि निगरानी राखी गलत कार्य हुनबाट रोक्न/सचेत गराउन,
★ सामाजिक समानता, न्याय र समावेशी समाजको निर्माण गर्न तप्पर नागरिकको विकास गर्न,
★ समाजिक द्वन्द्व व्यवस्थापका लागि सहयोग पुऱ्याउने सक्षम नागरिकको विकास गर्न,
★ राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, प्रजातन्त्र एवम् सांस्कृतिक विविधताको सम्मान र संरक्षणका लागि सकारात्मक सोँच सहित राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमतावान नागरिक बनाउन,
★ राज्यका समग्र नागरिकहरु तथा लक्षित समुदायको सशक्तिकरण गर्न,
★ शासन प्रक्रियामा नागरिकहरूको सहभागिता बढाई विकासको नतिजामा गुणस्तर कायम गर्न,
★ सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता विधिहरूको प्रयोग गरी सार्वजनिक उत्तरदायित्व अभिवृद्धि गरी सुशासन कायम गर्न,
★ सूचना, शिक्षा र सञ्चारको माध्यमबाट स्थानीय सुशासन प्रवर्द्धन गर्न,
★ लोकतान्त्रिक व्यवस्थाको प्रत्यक्ष लाभ आम नागरिकमा पुऱ्याउन आदि ।

**नागरिकका कर्तव्य (धारा ४८) : प्रत्येक नागरिकका कर्तव्य देहाय बमोजिम हुनेछन् :-**

(क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
(ख) संविधान र कानूनको पालना गर्नु,
(ग) राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
(घ) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु ।

Question Bank Nepal

### राष्ट्र निर्माणका सन्दर्भमा जनताका जिम्मेवारी

एउटा सचेत नागरिकले राज्यका तर्फबाट आफूले प्राप्त गर्ने अधिकारको खोजी मात्र नगरी नागरिक भएका नाताले आफ्नो तर्फबाट राज्यप्रति निभाउनुपर्ने भूमिका बहन गर्न समेत जागरुक हुनुपर्दछ, जुन राज्यप्रति जनताको जिम्मेवारी हो । राष्ट्र निर्माणका सन्दर्भमा जनताका केही अहम् जिम्मेवारीहरू रहेका हुन्छन् जसलाई निम्नानुसार व्यक्त गर्न सकिन्छ :-

★ देशमा प्रचलित कानुनहरूको पालना गर्ने,
★ अन्यायमा परेकाहरूका लागि न्याय पाउने बाटो देखाउने,
★ अरुको विचार, भावना तथा अधिकारको सम्मान गर्ने,
★ सामाजिक उन्नयनमा सक्रिय रहने,
★ सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने,
★ राज्यको कानुनद्वारा लगाइएको कर समयमा तिर्ने,
★ विकासको छनौट र उपभोगमा सक्रिय रुपमा सहभागी हुने,
★ वित्तीय अनुशासन कायम राख्नमा भूमिका निर्वाह गर्ने,
★ राज्यको संरक्षण गर्ने,
★ लोकतान्त्रिक मूल्य र मान्यताको सम्मान गर्ने,
★ राष्ट्र, समाज तथा समुदायप्रति सकारात्मक सोच बनाउने,
★ नागरिक निगरानी र जवाफदेहिता बहन गर्ने,
★ विभिन्न जातजाति, धर्म, संस्कृति, चालचलन, रीतिरीवाजको सम्मान गर्ने,
★ वातावरण संरक्षण गर्ने,
★ दिगो विकासमा सहकार्य गर्ने,

अन्त्यमा, नागरिक अधिकार र कर्तव्यका बारेमा सशक्तिकरण र सचेतना, अभिवृद्धि गर्दै विकास प्रक्रियामा हरेक चरणमा सहभागिता, पारदर्शिता, स्वामित्व बोध र जवाफदेहिता प्रवर्द्धन गर्नसक्ने सक्षम र असल नागरिक निर्माण गर्नु नै नागरिक चेतनाको मुख्य उद्देश्य हो । नागरिकलाई शासन प्रक्रियामा अधिकाधिक रुपमा सम्मिलित गराई सुशासनयुक्त विकास गर्न, हरेक नागरिकलाई परिवर्तनकारी शक्तिको रुपमा परिचालन गर्न र सार्वजनिक सेवा प्रवाहको पहुँचमा समन्यायिकता सुनिश्चित गरी दिगो विकास हासिल गर्न नागरिक चेतनाको अहम् भूमिका रहन्छ ।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

**६. विद्युतीय शासन भनेको के हो ? नेपालमा विद्युतीय शासनको सम्भावना बारे टिप्पणी गर्नुहोस् । (What is e-governance? Briefly comment on the prospective of e-governance in Nepal.) (3+7)**

### विद्युतीय शासनको परिचय

★ सरकारको कार्य प्रक्रियामा उत्तरदायित्व, नैतिकता, जवाफदेहिता र पारदर्शिता अभिवृद्धि गर्नका लागि प्रयोग गरिने सूचना प्रविधि नै विद्युतीय शासन (E-governance) हो ।
★ दरिलो र प्रभावकारी सूचना संयन्त्र विकास गर्न र विश्वासिलो सेवाका लागि विश्व अर्थतन्त्रमा सहभागिताका लागि, स्रोतको प्रभावकारी उपयोग गर्नका लागि विद्युतीय शासन आवश्यक छ ।
★ सूचना प्रविधिको विकासले विश्वलाई नजिक ल्याइ पुऱ्याएको छ भने विश्वव्यापीकरणले विश्व नै सानो गाउँको रुपमा परिणत भएको अवस्थामा सार्वजनिक एवम् निजी सेवा प्रवाह प्रभावकारी बनाउनको लागि सूचना प्रविधिको प्रयोग एउटा अत्यावश्यक एवम् सर्वव्यापी साधन भएको छ ।
★ एक वाक्यमा भन्दा e-governance भनेको विद्युतीय सञ्चार साधनको प्रयोग गरी सर्वसाधारणलाई सरकारी सेवा र सूचना प्रदान गर्ने व्यवस्था हो ।
★ सु-शासनका उद्देश्यहरू हासिल गर्न सूचना र सञ्चार प्रविधिले महत्वपूर्ण योगदान पुऱ्याएको हुन्छ ।
★ अर्को शब्दमा सरकारको कार्य प्रक्रियामा 'SMARTNESS' अर्थात् Specialization, Moral, Measurable, Accountable, Responsive, Result oriented, Transparent, Time bounded कायम राख्नका लागि गरिने सूचना प्रविधि नै e-governance हो ।
★ E-governance ले संगठनको सबै पक्षसँग सम्बन्ध राख्दछ अर्थात् e-governance ले छिटो छरितो तरिकाबाट विश्वसनीय एवम् पर्याप्त जानकारी उपलब्ध गराई सम्बन्धित पक्ष एवम् संयन्त्रसँग समन्वय कायम गरी निर्णयमा पुग्न तथा सेवाग्राहीलाई प्रभावकारी एवम् सम्मानजनक रुपमा सेवा प्राप्त गर्न सहयोग पुऱ्याउँछ ।
★ सूचना प्रविधिको प्रयोगबाट व्यक्ति वा संगठनले आफ्नो कार्यशैलीमा चुस्तता छरितोपन एवम् पारदर्शिता कायम गर्न सफल भएका छन् । त्यस्तै सरकारको अवधारणा एवम् भूमिकामा आएको परिवर्तनसँग सरकारको वा प्रशासनिक संयन्त्रले सर्वसाधारण प्रति गर्नुपर्ने व्यवहारमा परिवर्तन गर्नुपर्ने भयो । अर्थात् (सरकारी) सार्वजनिक सेवा सुविधाजनक रुपमा, सहज रुपले तथा छिटो र सम्मानपूर्वक प्राप्त गर्नु सर्वसाधारणको अधिकार भएकोले सरकारकाले चुस्त, दुरुस्त एवम् प्रभावकारी रुपमा प्रदान गर्नका लागि e-governance आवश्यक हुन्छ ।
★ जनतालाई आवश्यक पर्ने सूचनाहरू, ज्ञानहरू सूचना प्रविधिको भरपर्दो साधन इन्टरनेट जस्ता माध्यमबाट प्रवाह गर्दा प्रभावकारी एवम् कम खर्चिलो हुनुको अलावा, निर्णय प्रक्रियामा समेत सरलता ल्याउन यसले मद्दत पुऱ्याउँछ ।

Question Bank Nepal

★ E-governance बाट कम भ्रष्टाचार, पारदर्शितामा वृद्धि, व्यापक सुविधाको प्राप्ति, आयको वृद्धि तथा लागत जस्ता पक्षमा सुधार हुन जान्छ ।

★ अन्त्यमा e-governance शासनको त्यो रुप हो, जसले नागरिक एवम् सेवाग्रहीलाई प्रभावकारी सेवा प्रवाह गर्न आवश्यक सूचना छिटोछरितो रुपमा विद्युतीय सञ्चार र माध्यमबाट उपलब्ध गराउँछ ।

**नेपालमा विद्युतीय शासनको सम्भावनां**

शासनमा विद्युतीय एवम् सूचना प्रविधिका साधनको प्रयोगद्वारा सार्वजनिक सेवा प्रवाहलाई कार्यदक्षतामूलक एवम् प्रभावकारी बनाउनु नै विद्युतीय शासनको प्रमुख उद्देश्य हो । शासन प्रणालीलाई यथासक्य पारदर्शी बनाउनु पर्ने माग उठिरहेको वर्तमान समयमा नेपालमा विद्युतीय शासनको प्रयोगको सम्भावना व्यापक रहेको देखिन्छ । नेपालमा विद्युतीय शासनको सम्भावनालाई बुँदागत रुपमा निम्नानुसार व्यक्त गर्न सकिन्छ :-

★ शासनमा आधिकाधिक मात्रामा जनताको सहभागिता र संलग्नता बढाउनुपर्नेछ ।

★ शासन प्रणालीमा पारदर्शिता प्रवर्द्धनको माध्यमद्वारा जनताप्रति उत्तरदायी बन्नुपर्ने दबाब बढ्दो छ ।

★ सार्वजनिक प्रशासन एवम् सेवा प्रभावकारी बन्नुपर्ने बढ्दो जनआकांक्षाको सम्मान र सम्बोधन गर्नुपर्नेछ ।

★ विकासप्रतिको तीव्र अपेक्षा एवम् आवश्यकतालाई पूरा गर्नुपर्नेछ ।

★ विद्युतीय सूचना प्रविधिको लोकप्रियता र उपयोग बढ्दो छ ।

★ सरकार समेत कागजी कामकाजलाई न्यूनीकरण गरी विद्युतीय सूचना प्रविधिको प्रयोगलाई बढावा दिन लागी परेको छ । सरकारी निकायहरू Less paper organization तर्फ उन्मुख रहेका ।

★ विकास साझेदारहरूको E-governance को प्रयोगलाई बढावा दिनका लागि दबाब,

★ गरिबी निवारण गर्नु छ, गरिबी निवारणका लागि पूर्वशर्त भ्रष्टाचार निवारण, भ्रष्टाचार निवारण गर्न पारदर्शिता आवश्यक छ जसलाई E-governance ले सहयोग पुऱ्याउँछ ।

★ सुशासन कायम गर्नुपर्ने आवश्यकता छ ।

अन्त्यमा भन्दा विद्युतीय शासन हाम्रो शासन व्यवस्थाको भावी गन्तव्य हो । देशलाई सन् २०२२ सम्ममा विकासशील मुलुकमा स्तरोन्नति गर्ने लक्ष्य सहित गर्न समेत E-governance को आवश्यकता छ । समग्रमा विद्युतीय शासनको आवश्यकता र सम्भावना हाम्रो मुलुकमा वर्तमान र भविष्यमा उत्तिकै रहेको देखिन्छ ।

**७. नेपालमा सार्वजनिक कोषको सदुपयोग गर्न के कस्तो व्यवस्था गरिएको छ ? उल्लेख गर्दै सार्वजनिक कोष सदुपयोग गर्दा नैतिकताको भूमिकाको चर्चा गर्नुहोस् । (What are the provisions for proper utilization of public funds in Nepal? Illustrate role of morality in utilizing public funds.) (5+5)**

**नेपाल सरकारले सार्वजनिक कोषको सदुपयोग गर्नका लागि व्यवस्था गरेका उपायहरु**

१. ***नीतिगत व्यवस्थाहरु :***

(क) भ्रष्टाचार निवारण ऐन, २०५९ : कसुरको परिभाषा, दण्ड, जरिवाना, सजायको व्यवस्था ।
निजामती कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५

(ख) आर्थिक कार्यविधि ऐन, २०५५ : आर्थिक व्यवस्थापन गर्दा अपनाउनुपर्ने प्रक्रिया ।

(ग) आर्थिक कार्यविधि नियमावली, २०६४ : ऐनको विस्तृतीकरण र प्रष्टता ।

(घ) भ्रष्टाचार निवारण रणनीति, २०६० : सार्वजनिक पदाधिकारीबाट अनुशासनको उपेक्षा ।

(ङ) सार्वजनिक खरिद ऐन, २०६३ : खरिद र निर्माण प्रक्रियालाई प्रष्ट पारिएको ।

(च) सार्वजनिक खरिद नियमावली, २०६४ : खरिद निर्माण कार्य व्यवस्थित गरिएको

(छ) भ्रमण खर्च नियमावली, २०६४

(ज) लेखापरीक्षण ऐन, २०४८

(झ) निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० : भ्रष्टाचारमा आरोपित कर्मचारी विरुद्ध कार्यवाही गर्न बाधा नपुग्ने, पुरस्कारको लागि बेरुजुको, कार्यसम्पादनका लागि पेश्की फछ्यौंटको आधार लिनुपर्ने ।

(ञ) प्रत्येक सरकारी कार्यालयले मासिक खर्चको विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था ।

(ट) निर्धारित लक्ष्य बमोजिम बेरुजु फछ्यौंट गर्ने र बेरुजु हुने गरी खर्च नगर्ने जिम्मेवार पदाधिकारीलाई पुरस्कार तथा सो बमोजिम नगर्नेलाई दण्डको व्यवस्था

(ठ) नागरिक बडापत्र लागू, भ्रष्टाचार विरुद्धको महासन्धि, २००३ मा हस्ताक्षर

२. ***संस्थागत व्यवस्थाहरु :***

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोग : सबै सार्वजनिक पदाधिकारीलाई अनियमितता र भ्रष्टाचार विरुद्ध कार्यवाही गर्न सक्ने संवैधानिक निकाय ।



Question Bank Nepal

(ख) राष्ट्रिय सतर्कता केन्द्र : अनुशासन प्रवर्द्धन गर्ने सरकारको आन्तरिक संयन्त्र ।

(ग) सार्वजनिक खरिद अनुगमन कार्यालय : निर्माण र खरिद कार्यको अनुगमन र अनियमितता उपर छानबिन र कार्यवाही गर्ने सरकारी कार्यालय ।

(घ) महालेखा परीक्षकको विभाग : सार्वजनिक आम्दानी र खर्चको हिसाब जाँच गरी राष्ट्रप्रमुख मार्फत् संसदमा प्रतिवेदन पेस गर्ने संवैधानिक निकाय । बेरुजु कायम गर्ने र प्रमाण हेरी फछ्र्यौट गर्ने अधिकार ।

(ङ) महालेखा नियन्त्रक कार्यालय : खर्चको लेखांकन र प्रतिवेदन गरी खर्च र ऋण व्यवस्थापन गर्ने जिम्मेवारी सहितको केन्द्रीय कार्यालय । लेखा समूहका कर्मचारीहरुलाई पदस्थापना, सरुवा, बढुवा र विभागीय कार्यबाही गर्ने । को.ले.नि.का. मार्फत कार्यालयहरुको नियमित आन्तरिक लेखापरीक्षण गर्ने र प्रतिवेदन गर्ने जिम्मेवारी ।

(च) लेखा उत्तरदायी अधिकृत : केन्द्रीय कार्यालयका प्रशासकीय प्रमुखहरुलाई लेखा उत्तरदायी अधिकृत बनाइएको । बेरुजु उपर कार्यवाही गर्ने र आर्थिक अनुशासन कायम गर्ने मूल जिम्मेवारी ।

(छ) संसदीय समितिहरु : सार्वजनिक लेखा, आर्थिक आदि विभिन्न संसदीय समितिहरु मार्फत सार्वजनिक पदाधिकारीलाई जवाफदेही बनाइने संवैधानिक व्यवस्था ।

(ज) विशेष अदालत : भ्रष्टाचार विरुद्ध मुद्दाको सुनुवाई गर्न छुट्टै विशेष अदालतको गठन ।

(झ) म.ले.प.को प्रतिवेदन संसदबाट सार्वजनिक हुने, म.ले.नि.का. द्वारा देशव्यापी खर्च सोझै संकलन गर्न सक्ने प्रणालीको सञ्चालन ।

(ञ) सार्वजनिक सञ्चारका माध्यम र स्थानीय जनसमुदाय समक्ष सार्वजनिक सुनुवाइको व्यवस्था ।

अन्त्यमा, सार्वजनिक कोषको सदुपयोग व्यापक विषय हो । यसका लागि बहु उपायहरु अपनाउनु पर्दछ । राज्य, राजनीतिक दल र नागरिक समाजको सक्रियतामा मात्र यसलाई सार्थक तुल्याउन बढी सहज हुन जान्छ ।

**सार्वजनिक कोष सदुपयोग गर्दा नैतिकताको भूमिका**

सामान्यतया सदाचार भन्नाले सद्-आचार अर्थात् असल बानी, व्यवहार भन्ने बुझिन्छ भने नैतिकताले समाजमा प्रचलित असल नीति, नियम एवम् प्रथा परम्पराको अवलम्बन गर्नु भन्ने बुझिन्छ । सार्वजनिक कोषको उपयोग गर्दा नैतिकताको भूमिकालाई निम्नानुसार व्यक्त गर्न सकिन्छ :-

- ★ सार्वजनिक सम्पत्ति तथा कोषलाई व्यक्तिगत हित वा प्रयोजनमा नलगाई सार्वजनिक हितका लागि उपयोग गर्न,
- ★ सार्वजनिक कोषको दक्षतापूर्वक तथा प्रभावकारी तरिकाले उपयोग गरी Value for Money दिलाउन,
- ★ सार्वजनिक निकायप्रति सर्वसाधारण जनताको सम्मान र विश्वसनीयता कायम गर्न,
- ★ सार्वजनिक प्रशासनको क्षेत्रमा आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउन,
- ★ सर्वसाधारण जनतामा आफ्नो करद्वारा निर्माण भएको सार्वजनिक कोषको दुरुपयोग हिनामिना भएको छैन भन्ने विषयमा विश्वस्त तुल्याउन,
- ★ सार्वजनिक प्रशासनमा हुने आर्थिक अनियमितता, चुहावट र भ्रष्टाचारलाई न्यूनीकरण गर्न ।

निष्कर्षमा भन्दा सार्वजनिक कोष देशका सम्पूर्ण जनताको साझा सम्पत्ति हो । त्यसैले नागरिकले समान रुपमा लाभ लिन सक्ने अवस्थाको सिर्जना कोषको उपयोग गर्दा हुनुपर्दछ जसका लागि सार्वजनिक कोषको प्राप्ती परिचालन र उपयोगमा सम्पूर्ण चरणमा नैतिकताको पालना गर्नुपर्दछ ।

**८. नेपालको सार्वजनिक सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन भन्ने जनगुनासो रहेको छ । यसलाई प्रभावकारी बनाउन के कस्ता उपायहरू अवलम्बन गर्नुपर्ला ? सुझाव दिनुहोस् । ("The public service delivery is not effective in Nepal" as complained by general people. What should be done in order to make it effective? Suggest.) 10**

सामान्यतया राज्यका तर्फबाट जनतालाई विना भेदभाव उपलब्ध गराइने टेलिफोन, विद्युत, शिक्षा, स्वास्थ्य खानेपानी, ढलनिकास, कृषि, हुलाक, यातायात, सुरक्षा जस्ता आधारभूत सेवा तथा सुविधालाई साधारण अर्थमा सार्वजनिक सेवा भनिन्छ । सार्वजनिक सेवा नागरिकहरूले समान रुपमा प्राप्त गर्न सक्ने साझा अवधारणा हो । राज्यले शासन व्यवस्था सञ्चालन गर्ने क्रममा जनतालाई उपलब्ध गराउने वस्तु वा सेवा सबै यसमा पर्दछन् ।

**नेपालको सार्वजनिक सेवा प्रवाहको वर्तमान स्थिति**

- ★ जुन संस्थागत व्यवस्था मार्फत जसरी सार्वजनिक सेवा प्रवाहको जिम्मेवारी पूरा गरेपनि त्यस्तो सेवा जनताको चाहना, सेवा प्रवाहको लागि निश्चित मापदण्ड, सेवा प्रवाहको स्थान, त्यसको उपलब्धि र स्वतन्त्र मूल्यांकनका आधारमा सुनिश्चितताको प्रयास आवश्यक र अनिवार्य मानिन्छ । यसका लागि राज्य संयन्त्रको प्रत्यक्ष वा अप्रत्यक्ष जिम्मेवारी र संलग्नतालाई

Question Bank Nepal

अपरिहार्य ठानिन्छ । राज्य कुनै पनि बाहनामा आफ्नो यो उत्तरदायित्वबाट पन्छिन मिल्ने देखिँदैन ।

★ सार्वजनिक स्रोत साधनको समुचित परिचालन गर्दै नागरिकहरूको हकहित संरक्षण एवम् संमृद्धिका लागि सरकारकाले विभिन्न कार्यविधिहरूको अवलम्बन गरी सेवा प्रवाह गर्ने गर्दछ । छिटो, छरितो, पारदर्शी र निष्पक्षरुपमा सेवा प्रदान गर्ने कार्यमा नागरिक वडापत्रको व्यवस्था, घुम्ती सेवाको व्यवस्थापन, गुनासो सुनुवाई सम्बन्धी व्यवस्था, समावेशी र प्रजातान्त्रिक चरित्रको परिपाटी बनाउने कानूनी अठोट, एकीकृत सेवा जस्ता प्रणालीको सिर्जना, First come first service, Help Desk, Tokan System आदिको व्यवस्था गरिएको पाइन्छ ।

★ नागरिकहरूको सहज र सरल रुपमा बिना झन्झट सेवा प्राप्त गर्न राज्यका तर्फबाट संस्थागत तथा नीतिगत व्यवस्था, केन्द्रिय स्तरदेखि स्थानीय स्तरसम्म संस्थागत संरचना निर्माण गरिएको छ ।

★ सार्वजनिक सेवा भन्नु वास्तवमा सरकारी सेवा हो तर, निजी क्षेत्रले दिने सेवा प्रभावकारी हुने भएकोले निजी क्षेत्र सक्षम रहेको क्षेत्रमा सरकारले हात छोड्दै जानुपर्छ भन्ने अवधारणा विकसित भएको भएता पनि हामीले सार्वजनिक सेवा प्रवाहको जिम्मेवारी र दायित्व किटानी गर्न सकेका छैनौं । मन लागेका क्षेत्रमा सरकारले हस्तक्षेप गर्ने र मन नलागेको क्षेत्र निजी क्षेत्रलाई छोडेको देखाउने अस्पष्ट नीतिकै दोसाधमा हालसम्मको सार्वजनिक सेवा प्रवाह हुँदै आएको छ । यसले गर्दा सेवाग्राही मारमा परेका छन् । निजी क्षेत्रको अनियन्त्रित बजार मूल्य र भ्रष्टाचार व्याप्त सरकारी सेवा प्रवाहको चेपुवामा आमनागरिक परेका छन् ।

**सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन गरिनुपर्ने सुधार**

सरकारी निकायहरूबाट प्रवाहित हुने सुविधा छिटो, छरितो, सरल र गुणस्तरयुक्त रुपमा पाउनु नागरिकहरूको अधिकार हो र प्रजातान्त्रिक व्यवस्थाको मर्म हो । विकासको प्रतिफल लक्षित वर्गसम्म पुर्‍याउनु र सरकारी सेवा सुविधा जसलाई सबैभन्दा बढी आवश्यक छ त्यहीँ पुर्‍याउनु सरकारको नैतिक जिम्मेवारी र वैधानिक दायित्व पनि हो । सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा सुधार गर्नुपर्ने प्रमुख पक्षहरू देहायबमोजिम उल्लेख गर्न सकिन्छ –

**(क) नीतिगत क्षेत्र**

१. **नीतिगत स्पष्टता र पारदर्शिता :** सार्वजनिक सेवा प्रवाह सम्बन्धमा सरकारको नीतिगत स्पष्टता हुनु जरुरी हुन्छ । सार्वजनिक सेवाका किसिमहरू, सेवा वितरण प्रणालीको ढाँचा, सेवा वितरण संयन्त्र, सेवाको गुणस्तरको सुनिश्चितता, अत्यावश्यक वस्तु तथा सेवको निर्धारण, सरकारी, अर्धसरकारी, गैरसरकारी तथा निजी क्षेत्रको भूमिका, सेवाग्राहीको अधिकारको प्रत्याभूति, गुनासो सुनुवाई तथा समाधान जस्ता क्षेत्रमा एकिकृत नीतिको तर्जुमा गरी सार्वजनिक सेवालाई एकरुपता, अविभेदता र व्यापकता प्रदान गर्नु सरकारको कर्तव्य हुन आउँछ ।

२. **नीतिगत निरन्तरता र स्थायित्व :** सकारात्मक परिणामका लागि नीति निर्माणमा सरोकारवालाहरूको पहुँच र सहभागिता अनिवार्य मानिन्छ । सार्वजनिक सेवा प्रवाह सम्बन्धी नीतिहरूलाई निश्चित अवधिसम्म अनुमानयोग्य हुने गरी तर्जुमा गर्नुपर्छ ।

३. **विकेन्द्रित निकायद्वारा सेवा प्रवाह :** सार्वजनिक सेवा प्रवाह सम्बन्धी नीति निर्धारण, नियमन सम्बन्धी काम सरकारीस्तरबाट सशक्त ढंगले हुने गरी सेवा प्रदान गर्ने कार्यमा नेपाल सरकारको भूमिकालाई क्रमशः घटाउँदै लगी निर्वाचित स्थानीय निकाय र गैरसरकारी संस्थाहरूमा हस्तान्तरण गर्दै जाने नीति लिनुपर्दछ ।

**(ख) संस्थागत र संरचनागत क्षेत्र**

१. **संस्थागत पुनर्संरचना :** वर्तमान अवस्थामा सार्वजनिक सेवा वितरण प्रणाली Disintegrated or Dysfunctional देखिएको छ । यसको प्रभावकारिता बढाउन पुनर्संरचना गर्नुको विकल्प छैन । सेवा केन्द्रको अवधारणा बमोजिम बढी भन्दा बढी सेवाहरू सर्वसाधारण जनताले आफ्नो नजिक रहेको एकाइबाट पाउन सक्ने गरी संरचनागत व्यवस्था मिलाउनु आवश्यक देखिन्छ ।

२. **वितरण प्रणालीको नक्सांकन :** सार्वजनिक सेवाको वितरण प्रणाली भन्नाले वस्तु वा सेवा उपलब्ध गराउने सरकारी, अर्धसरकारी वा गैरसरकारी संयन्त्र बुझिन्छ । यस्तो वितरण प्रणालीको व्यवस्था केन्द्र देखि जिल्ला सम्म भएको पाइन्छ । यस्तो वितरण प्रणालीको स्पष्ट नक्सांकन हुनु अति आवश्यक छ । यसबाट सर्वसाधारणलाई उपलब्ध हुने वस्तु तथा सेवा लिन जाने भन्ने कुरा स्पष्ट हुन्छ ।

Question Bank Nepal

३. **संस्थागत सुदृढिकरण** : जनतालाई दैनिक रुपमा आवश्यक पर्ने अत्यावश्यक वस्तु तथा सेवाहरूको उत्पादन तथा वितरणको लागि सरकारले सार्वजनिक संस्थानको व्यवस्था गरेको हुन्छ । पानी, बिजुली, टेलिफोन, खाद्यान्न, इन्धन जस्ता दैनिक आवश्यकताका वस्तु तथा सेवाहरू उपलब्ध गराउन बेग्लाबेग्लै संस्थानहरूको व्यवस्था भएको छ । वर्तमान अवस्थामा सरकारी संस्थानहरूको वित्तीय, भौतिक तथा व्यवसायिक अवस्था सन्तोषजनक नभएको गुनासो बारम्बार उठ्ने गरेको छ । सार्वजनिक संस्थानको समग्र अवस्थामा सुधार नआई सेवा वितरण प्रणालीमा सुधार हुन सक्दैन । त्यसैले सरकारले शासकीय सुधार कार्यक्रम अन्तर्गत पूर्ण सरकारी निकायको साथसाथै सार्वजनिक संस्थानको सुधारलाई पनि सँगसँगै लैजानुपर्छ ।

४. **प्रविधिको उपयोग** : काममा छिटो छरितोपन ल्याउन टेलिफोन, फ्याक्स, कम्प्युटर, इन्टरनेट, इमेल आदिको प्रयोगलाई मान्यता दिनु आवश्यक छ । अर्थात् समग्रमा e-governance लाई बढावा दिनुपर्ने देखिन्छ ।

५. **आपतकालीन सेवा व्यवस्थापन** : भुकम्प, बाढी, पहिरो, आगलागी, भौतिक संरचनाको क्षति, बन्द, हड्ताल जस्ता प्राकृतिक तथा भौतिक विपद्को अवस्थामा समेत उद्वार, राहत, पुनस्थापन, अत्यावश्यक सामानको ढुवानी आदि कार्यहरू सञ्चालन गर्न स्थानीय स्तरसम्म संस्थागत तथा कार्यगत व्यवस्था हुनु पनि त्यतिकै आवश्यक र सान्दर्भिक ठहरिन्छ ।

**(ग) कार्यविधिगत र प्रक्रियागत क्षेत्र**

१. **निर्णय प्रक्रियामा सरलीकरण** : नेपाल सरकारले निर्णय प्रक्रिया सरलीकरणका लागि पर्याप्त कानूनी व्यवस्था गरेको छ । तर त्यसको कार्यान्वयन र अनुगमनको अभावमा उपयुक्त प्रभाव देखिएको छैन । निर्णयका अनावश्यक तहहरूले कामलाई ढिलाई भएकोले व्यवहारिक रुपमा निर्णय प्रक्रियामा सरलीकरण गर्नुपर्ने देखिन्छ ।

२. **सेवा प्रवाह सम्बन्धी कार्यविधि** : हरेक कार्यालयहरू भिन्न भिन्न उद्देश्यबाट स्थापना भएको हुँदा यस्तो उद्देश्य हासिल गर्न आफ्नो निकायको कार्य प्रकृति अनुसार छुट्टाछुट्टै बनाउनु आवश्यक रहेको छ ।

३. **सेवाको सुनिश्चितता** : जनताले कस्तो सेवा प्राप्त गर्न कस्तो शर्त मान्नुपर्ने वा प्रक्रिया पुऱ्याउनुपर्छ भन्ने सुनिश्चित हुनुपर्छ । सेवा पाइएला किन नपाइएला भनी भगवान भरोसा गर्नुपर्ने अवस्था हुनु हुँदैन ।

४. **पारदर्शिता** : जनतामा प्रवाह हुने सेवा पारदर्शि हुनुपर्छ, कुनै वर्गलाई मात्र फाइदा पुऱ्याउने र अन्यलाई बञ्चित गर्ने गरी स्वार्थयुक्त तरिकाले Service delivery गर्न हुँदैन ।

५. **सहभागिता अभिवृद्धि** : नागरिकहरूकै सहभागितामा Service delivery हुनुपर्छ । जस्तै Food for work कार्यक्रम ।

६. **गुणस्तरीयता** : गुणस्तरयुक्त सेवा आजको आवश्यकता हो । खानेपानी सेवा पुऱ्याउने नाउँमा ढल मिसिएको पानी वितरण भयो भने अनर्थ हुन जान्छ ।

**(घ) व्यवहारगत क्षेत्र**

१. **तालिम** : सेवा प्रवाहमा संलग्न हुने कर्मचारीहरूका लागि सेवाग्राहीसँग गर्नुपर्ने व्यवहार, पुऱ्याउनुपर्ने सेवा, सोचाइ तथा व्यवहारमा ल्याउनुपर्ने परिवर्तन जस्ता विषयमा तालिम दिनुपर्छ । कुनै पनि सेवा तथा कार्यलयका नव प्रवेशीलाई नियुक्तिपत्र दिएर पदस्थापन गर्नुअघि उक्त सेवा तथा संगठनको विशेषत : कार्य वातावरण र कार्यसंस्कृतिको विषयमा परिचय गराउने नव प्रवेशी कर्मचारीको सेवा सम्बन्धी मन्त्रालय वा निकायको सहभागितामा छोटो अवधिको परिचयात्मक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

२. **प्रोत्साहन प्रणालीको उपयोग** : सेवा प्रवाहमा संलग्न कर्मचारीहरूको लागि तालिम मात्र होइन उपयुक्त प्रोत्साहन प्रणालीको पनि उपयोग गर्नुपर्छ । किनकी उपयुक्त प्रोत्साहन प्रणालीको अभावमा जतिसुकै राम्रो सेवा वितरण प्रणालीले पनि असल नतिजा देखाउन सकिँदैन ।

३. **असल अभ्यासको पुनरावृत्ति** : सार्वजनिक सेवा प्रवाहका क्रममा प्रयोगमा ल्याइएका असल अभ्यासहरूलाई निरन्तरता दिनुपर्दछ । जस्तै : निजामती किताबखानामा सञ्चालित उपभोक्ता सन्तुष्टि सर्भेक्षण एवम् महालेखा नियन्त्रक कार्यालय अन्तर्गतको को.ले.नि.का. मा सञ्चालित TSA System आदि ।

४. **हार्दिकता प्रकट** : ग्राहक वा सेवाग्राहीलाई स्वागत गर्ने र विदाई गर्ने कार्य आफैमा अत्यन्तै संवेदनशील पक्ष हो । यसमा थोरैमात्र लापरवाही भयो भने संस्थाको प्रभावलाई नै नंकारात्मक असर पर्दछ । निजामती सेवा प्रति जनताको विश्वास र समर्थन आर्जन गर्न खास गरी Front line का कर्मचारी वा Desk officer ले शब्द तथा व्यवहारमा शालिनता ल्याउने पर्छ ।

Question Bank Nepal

५. **अपाङ्गता भएका व्यक्तिका लागि उचित व्यवस्था :** नीति निर्णायक तहका व्यक्तिहरूलाई अपाङ्गता भएका व्यक्तिले भेटेर आफ्नों कुरा राख्न सम्भव नै छैन, अब यस विषयमा सरकार निजी क्षेत्र, नागरिक समाज सबैको ध्यान जानु जरुरी छ ।

अन्त्यमा सार्वजनिक प्रशासनको अभ्युदय जनतालाई सेवा प्रवाह गर्नका लागि भएको हुनाले यसको अभिष्ट पनि प्रभावकारी सेवा प्रवाहका माध्यमद्वारा नगरिएको सन्तुष्टि हासिल गर्नु हो । हाम्रो सार्वजनिक प्रशासनले प्रवाह गर्ने सेवालाई प्रभावकारी एवम् सेवाग्राही मैत्री बनाउन माथि उल्लेखित सुझावहरुलाई राज्यले गाम्भिरतापूर्वक अवलम्बन गर्नुपर्दछ ।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

**९. नेपालको सार्वजनिक सेवामा मेधावी जनशक्ति आकर्षण गर्न र ती जनशक्तिको कार्य सम्पादन स्तर अब्बल बनाइ राख्न लोक सेवा आयोग र सेवा सञ्चालन गर्ने निकायले के कस्तो भूमिका निर्वाह गर्नुपर्ने ठान्नुहुन्छ ? उल्लेख गर्नुहोस् । (What are the important roles that you consider to be played by public service commission and operting agency to attract talented human resource with higher level of performance?) (5+5)**

सार्वजनिक सेवामा श्रम बजारमा उपलब्ध दक्ष एवम् अब्बल जनशक्ति आकर्षित गरी उनीहरूलाई सेवा प्रवेश गराउने र उच्च कार्यसम्पादनका लागि उत्प्रेरित गरी सार्वजनिक प्रशासन मै टिकाइ राख्न गरिने प्रयासलाई समग्रमा प्रतिभा व्यवस्थापन (Talent Managment) भनिन्छ । नेपालको सार्वजनिक प्रशासनमा प्रतिभा व्यवस्थापन गर्न सकिएको छैन भन्ने गरिन्छ । नेपालको सार्वजनिक सेवामा मेधावी जनशक्ति आकर्षण गर्न र ती जनशक्तिको कार्य सम्पादन स्तर अब्बल बनाई राख्न लोक सेवा आयोग र सेवा सञ्चालन गर्ने निकायले निर्वाह गर्नुपर्ने भूमिका मुख्यतया निम्न हुन सक्दछन् :-

★ लोक सेवा आयोगले अब्बल जनशक्तिलाई आकर्षण गर्न Positive Recruitment System अवलम्बन गरी कलेज एवम् क्याम्पस बाट उत्कृष्ट विद्यार्थीहरूलाई Hire गर्ने ।
★ समय समयमा लोक सेवा आयोगले आफ्नो पाठ्यक्रममा संशोधन गरी समय सापेक्ष बनाउने ।
★ लोक सेवा आयोगको फाराम वर्षभरि नै भर्न पाउने व्यवस्था गर्ने ।
★ लोक सेवा आयोगको प्रशासनिक संरचना दूर दराजका परीक्षार्थी तथा प्रतियोगीको पहुँचसम्म पुग्ने गरी तयार गर्ने ।
★ कुनै पनि पदका लागि भएको विज्ञापनमा फाराम भर्नका लोक सेवा कार्यालयमा नै उपस्थित हुनुपर्ने अवस्थाको अन्त्य गरी Online का माध्यमद्वारा फाराम भर्न सक्ने व्यवस्थालाई अझ व्यापक र विस्तृत बनाउने ।
★ लोक सेवा आयोगको पाठ्यक्रम Academic खालको मात्र भएकोले त्यस्तो पाठ्यक्रममा संशोधन गरी व्यवहारिक बनाउने ।
★ लोक सेवा आयोगको परीक्षा प्रणाली र त्यसको विश्वसनीयता बारेमा सम्भावित प्रतिस्पर्धीहरुलाई जानकारी र सूचना पुऱ्याउने ।

**सार्वजनिक सेवा प्रवेश गरेका जनशक्तिको कार्य सम्पादन स्तर अब्बल बनाई राख्न सेवा सञ्चालन गर्ने निकायले निर्वाह गर्नुपर्ने भूमिका**

★ लोक सेवा आयोगले Merit का आधारमा सिफारिस गरी पठाएका उम्मेदवारलाई Merit का आधारमा पदस्थापन गर्ने व्यवस्था मिलाउने,
★ सरुवा, बढुवा लगायतका कार्यलाई कार्यसम्पादनका आधारमा गर्ने,
★ कार्यसम्पादन मूल्यांकनका वस्तुनिष्ठ आधार बनाई त्यसकै आधारमा कर्मचारीको मूल्यांकन गर्ने,
★ कर्मचारीलाई उनीहरूको रुचि र चाहना अनुरुपको कार्य गर्न पाउने वातावरणको सिर्जना गरिदिने,
★ निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० मा भएको ट्रेड युनियन सम्बन्धी व्यवस्थालाई कर्मचारीका पेसागत हक हितका लागि सामूहिक सौदावाजी मात्र गर्न पाउने गरी व्यवस्था गर्ने,
★ निजामती सेवा ऐन, नियमावलीमा संशोधन गरेरै भए पनि उच्च क्षमता भएका जनशक्तिलाई उच्च पारिश्रमिकको व्यवस्था गर्ने,
★ सार्वजनिक प्रशासनमा भएको बढ्दो राजनीतिक हस्तक्षेपलाई न्यूनीकरण गर्ने,
★ काम गर्ने र नगर्ने बीचमा कुनै विभेद नहुने विद्यमान अवस्थामा परिवर्तन गरी काम गर्नेलाई Encourage गर्ने र काम नगर्नेलाई स्पष्टीकरण लिने तथा दण्डित गर्ने व्यवस्था गर्ने ।

अन्त्यमा नेपालको निजामती सेवा मध्यम स्तरको ज्ञान भएका जनशक्तिहरूको जमात हो । त्यसैले यसबाट ठूलो अपेक्षा राख्न सकिँदैन भन्ने गरिन्छ त्यसैले नेपालको सार्वजनिक प्रशासनमा उच्च क्षमतावान र अब्बल जनशक्तिलाई आकर्षित गरी टिकाई राख्न लोक सेवा आयोग र सेवा सञ्चालन गर्ने निकायले माथि उल्लेखित भूमिका प्रभावकारी रुपले निर्वाह गर्नुपर्ने हुन्छ ।



Question Bank Nepal

**१०. सहभागितामूलक योजनाको सन्दर्भमा नेपालमा भएका सुधार प्रयासहरूको सिंहावलोकन गर्नुहोस् । (In the context of participatory planning, evaluate briefly on the reform efforts taken in Nepal.) 10**

**सहभागितामूलक योजनाको सन्दर्भमा नेपालमा भएका सुधारका प्रयासहरू**

योजना निर्माण प्रक्रियाका सम्पूर्ण चरणहरू (आवश्यकता पहिचान, तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्यांकन) मा सरोकारवाला पक्षहरूको सक्रिय एवम्. सार्थक सहभागिता गराउनु नै सहभागितामूलक योजना हो । अर्थात् योजना प्रक्रियामा लाभग्राही समुदाय एवम् नागरिकको आवद्धता, संलग्नता, स्वामित्व, नियन्त्रण वा प्रभाव कायम गर्नु नै सहभागितामूलक योजना हो ।

नेपालमा सहभागितामूलक योजनाको सन्दर्भमा भएका प्रयासहरूलाई देहायबमोजिम व्यक्त गर्न सकिन्छ :-

- ★ नेपालको विकास योजनाहरूमा सरोकारवाला पक्षको सहभागिता अभिवृद्धि गर्ने र यसलाई प्रभावकारी बनाउने कुरा आवधिक योजनामा नै उल्लेख भएको,
- ★ सहभागितामूलक योजना प्रक्रियालाई विकास सम्बन्धी क्षेत्रगत नीतिहरुमा समावेश गरिएको,
- ★ विकास योजनाको अवधारणा तर्जुमा गर्न सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी राष्ट्रिय विकास परिषदको व्यवस्था रहेको,
- ★ विकेन्द्रीत स्थानीय निकायहरू (जस्तै : जिविस, नपा, गाविस, आदि) ले विकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूलयांकनमा नागरिक सहभागिता अभिवृद्धि गर्ने विषयलाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा उल्लेख गरिएको,
- ★ राष्ट्रिय योजना आयोगले आवधिक विकास योजना तर्जुमा गर्दा विभिन्न चरणमा सरकारी, निजी, गैर सरकारी एवम् स्थानीय निकाय सँग छलफल गर्ने गरेको,
- ★ स्थानीय निकायहरूले विभिन्न उपभोक्ता समूह, सामुदायिक समूहलाई विकास योजना तर्जुमा तथा कार्यान्वयनमा सहभागी बनाउने गरेको,
- ★ विभिन्न प्रकारका विकास निर्माणका कार्यहरू सरकार र लाभग्राही समूहको सामूहिक सहभागितामा निर्माण हुने गरेको,
- ★ सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा रु. ६० लाख रुपैयाँ सम्मको निर्माण कार्य उपभोक्ता समूहद्वारा गर्न सक्ने व्यवस्था रहेको,
- ★ विभिन्न सार्वजनिक योजनाहरूको कार्यान्वयनमा रहेका कमजोर पक्ष एवम् कार्यान्वयनको प्रभावकारिता अनुगमन मूल्यांकन सन्दर्भमा सार्वजनिक सुनुवाई कार्यक्रमहरू सञ्चालन गरिदै आएको ।

अन्त्यमा कुनै पनि योजना उपलब्धी मूलक एवम् प्रभावकारी हुन उक्त योजनामा जनताले अपनत्व र स्वामित्व बोध गरेको हुनुपर्दछ जसका लागि सहभागितमूलक योजना प्रक्रिया अनिवार्य पूर्वशर्तका रुपमा रहेको हुन्छ ।

Question Bank Nepal

# अभ्यास प्रश्न सेट १ समाधान सहित

## अभ्यास प्रश्न

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

(१) सूचनाको हक भन्नाले के बुझ्नुहुन्छ ? सूचनाको हक सम्बन्धमा स्थापित सिद्धान्तहरूबारे चर्चा गर्दै नेपालमा सूचनाको हक सम्बन्धी कस्तो व्यवस्था छ ? न्यायिक दृष्टिकोण समेत उल्लेख गर्नुहोस् ।

(२) शासनको सन्दर्भमा शक्ति पृथकीकरण तथा शक्ति नियन्त्रण र सन्तुलनको सिद्धान्त बारेमा चर्चा गर्दै मन्टेस्क्युले सिफारिस गरेअनुसारको शक्ति पृथकीकरणको सुत्र कार्यान्वयन सम्भव छ ? उल्लेख गर्नुहोस् ।

(३) संघीयता (Federalism) को अर्थ स्पष्ट पार्नुहोस् । नेपाललाई संघात्मक राज्य बनाउनु पर्नाका कारणहरु बारेमा चर्चा गर्दै नेपालमा संघीयता निर्माण गरी सफलतापूर्वक कार्यान्वयन गर्न ध्यान दिनु पर्ने बुँदाहरु उल्लेख गर्नुहोस् ।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

(४) मौलिक हकको महत्व एवम् औचित्यता माथि प्रकाश पार्दै नेपालको संविधान, २०७२ का मूलभूत विशेषताहरू बारेमा चर्चा गर्नुहोस् ।

(५) मानव अधिकार भन्नाले के बुझिन्छ ? मानव अधिकारको कार्यान्वयन सन्दर्भमा राज्यको दायित्वबारे उल्लेख गर्दै अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको राष्ट्रिय कानुमा रुपान्तरण कसरी गरिन्छ ? चर्चा गर्नुहोस् ।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

(६) सार्वजनिक सेवा प्रवाहमा निजामती कर्मचारीको भूमिका कस्तो हुनुपर्ने ठान्नुहुन्छ ? स्पष्ट पार्दै नेपालमा सार्वजनिक सेवा प्रवाहका लागि गरिएका कानुनी तथा संस्थागत व्यवस्था उल्लेख गर्नुहोस् ।

(७) सार्वजनिक प्रशासन र निजी प्रशासनमा के के समानता पाउनुहुन्छ ? उल्लेख गर्दै यी दुई प्रशासनबीचमा रहेका भिन्नताहरू औंल्याउनुहोस् ।

(८) योग्यता प्रणाली भन्नाले के बुझ्नुहुन्छ ? उल्लेख गर्दै वर्तमान संविधानले व्यवस्था गरे अनुसार लोक सेवा आयोगको गठन प्रक्रिया तथा काम, कर्तव्य र अधिकारको चर्चा गर्नुहोस् ।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

(९) मानव स्रोत व्यवस्थापन भन्नाले के बुझिन्छ ? मानव स्रोत व्यवस्थापन र कर्मचारी व्यवस्थापन बीच रहेका भिन्नताहरू औंल्याउनुहोस् ।

(१०) विकास भन्नाले के बुझ्नुहुन्छ ? विकासमा महिला सहभागिता न्यून हुनुका कारणहरू औंल्याउदैं देश विकासमा महिला सहभागिताको महत्वमाथी प्रकाश पार्नुहोस् ।

## समाधान

**(१) सूचनाको हक भन्नाले के बुझ्नुहुन्छ ? सूचनाको हक सम्बन्धमा स्थापित सिद्धान्तहरूबारे चर्चा गर्दै नेपालमा सूचनाको हक सम्बन्धी कस्तो व्यवस्था छ ? न्यायिक दृष्टिकोण समेत उल्लेख गर्नुहोस् ।**

**सूचनाको हक (Right to information)**

"प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ ।"

**– नेपालको संविधानको धारा २७**

सामान्य अर्थमा सूचना भन्नाले राज्य संयन्त्रभित्र विभिन्न स्वरुपमा र माध्यममा रहेका जानकारी एवं सूचनाहरूलाई जनाउँछ, भने "सूचनाको हक" भन्नाले सार्वजनिक विषय र आफूसँग सम्बन्धित विषयका सूचना तथा जानकारीहरूमा नागरिकको सहज र सरल पहुँच भन्ने बुझिन्छ । व्यक्तिगत एवं सार्वजनिक चासो/महत्वको विषयमा नागरिकले राज्य/सरकार वा सार्वजनिक अधिकारीसँग सूचना माग गरेपछि राज्य/सरकार वा सार्वजनिक अधिकारीले त्यसरी माग गरेको सूचना माग गर्ने व्यक्तिलाई यथासमयमा, सुलभ तरिकाले प्रदान गर्नुपर्दछ, भन्ने मान्यतामा सूचनाको हक सम्बन्धि अवधारणा अडिएको हुन्छ ।

सूचनाको हकलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको विस्तारित अधिकार मानिन्छ । सूचनाको हक सरकारी एवम् सार्वजनिक निकायको सम्पूर्ण काम कारबाहीलाई पारदर्शी बनाउने एउटा महत्वपूर्ण एवं सशक्त माध्यम पनि हो ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २(ङ) अनुसार "सूचनाको हक" भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार सम्झनुपर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन

Question Bank Nepal

वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत् प्राप्त गर्ने अधिकारसमेतलाई जनाउँछ । यसरी हाम्रो ऐनले गरेको परिभाषालाई हेर्दा सूचनाको हक अन्तर्गत निम्नलिखित अधिकारहरू पर्ने देखिन्छ :–

(क) काम, कागजपत्र (डकुमेन्ट), अभिलेख (रेकर्ड) हेर्ने/जाँच्ने (Inspect) ।

(ख) डकुमेन्ट वा रेकर्डको टिपोट लिने, उद्धृत अंश (Extracts) लिने/उद्धृत गर्ने, प्रमाणित प्रतिलिपि लिने ।

(ग) कुनै वस्तु/सामान (Materials) को प्रमाणित नमूना लिने ।

(घ) मुद्रित, डिस्केट, पेनड्राइभ, फ्लपी, टेप, भिडियो क्यासेट वा कुनै पनि इलेक्ट्रोनिक रूपमा वा मुद्रणमार्फत् सूचना प्राप्त गर्ने ।

जनताको सूचना पाउने हक संवैधानिक तथा कानूनी रुपमा सुनिश्चित भई व्यवहारमा पनि प्रभावकारी रुपमा लागु हुन सकेमा मात्र सार्वजनिक तथा आफ्नो विषयका सूचनासम्म नागरिकको सहज पहुँच स्थापित हुन सक्छ । सूचनाको हकलाई स्मरण गर्न हरेक वर्ष सेप्टेम्बर २८ को दिनलाई विश्व थाहा दिवस (World Right to Know Day) को रुपमा मनाउने गरिन्छ । त्यस्तै गरी मौलिक हकका रुपमा रहेका विचार र अभिव्यक्तिको स्वतन्त्रतालाई परम्परागत रुपमा र राज्यको निषेधात्मक भूमिका न्यून हुने अधिकारको रुपमा लिएको पाइन्छ भने सञ्चार सम्बन्धी हक र सूचनाको हकलाई निषेधात्मकभन्दा पनि सकारात्मक अधिकारको रुपमा राखेको पाइन्छ ।

**सूचनाको हकको सम्बन्धमा स्थापित सिद्धान्तहरू**

"प्रत्येक व्यक्तिसँग विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ । बिना कुनै हस्तक्षेप मत वा विचार माग्ने, राख्ने वा ग्रहण गर्ने र कुनै सीमाका बन्देज बिना कुनै माध्यमद्वारा सूचना र विचार खोज्ने, पाउने र फैलाउने अधिकार प्रत्येक व्यक्तिलाई हुनेछ ।" – मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९

सूचनाको हक सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता तथा सिद्धान्तहरूलाई सर्वप्रथम व्यवस्थित र स्पष्ट पार्ने मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९ लाई मूल मन्त्र मान्दै अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई विश्वभरी संरक्षण र प्रवर्द्धन गर्ने काममा लागेको संस्था Article 19 ले जनताको सूचनाको अधिकारका निम्न लिखित मुख्य नौ वटा सैद्धान्तिक पक्ष/सिद्धान्तमा उल्लेख गरेको पाइन्छ । तिनै सिद्धान्तहरू नै सूचनाको हक सम्बन्धमा स्थापित महत्वपूर्ण सिद्धान्तहरू हुन् :-

★ अधिकतम खुला, पारदर्शिताको सिद्धान्त (Maximum Disclosure)
★ प्रकाशन गर्नुपर्ने दायित्वको सिद्धान्त (Obligation to pubish)
★ सरकारी काममा पारदर्शितालाई प्रवर्द्धन (Promotion of Open government)
★ खुला गर्नुपर्ने कुराहरूको न्यूनतम अपवाद (Limited scope of exceptions)
★ सूचनामा पहुँचको सहज र सरल प्रक्रिया (Process to facilitate Access)
★ न्यूनतम मूल्य (Minimum cost)
★ खुला बैठक (Open meeting)
★ सार्वजनिकीकरण/पारदर्शितालाई प्राथमिकता(प्रकाशनलाई रोक गर्ने कार्यविधि परिमार्जन (Disclosure takes preduce)
★ सूचनादाता/शंखघोषको संरक्षण (Protection of Whistel blower)

माथि उल्लेखित यिनै सूचनाको हक सम्बन्धी सैद्धान्तिक मान्यताहरूलाई आत्मसात गर्दै विश्वका विभिन्न मुलुकहरूले सूचनाको हकलाई ग्यारेन्टी गर्ने आफ्ना राष्ट्रिय कानूनहरू तर्जुमा गरी लागू गर्दै आएको पाइन्छ । हाम्रो सन्दर्भमा भन्नुपर्दा सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले पनि यी सैद्धान्तिक मान्यताहरूलाई बढी भन्दा बढी आत्मसात गर्न खोजेको पाइन्छ ।

नेपालमा सूचनाको हक सम्बन्धी कानूनी र संस्थागत व्यवस्था

**मौजुदा कानूनी व्यवस्था :**

★ नेपालको संविधान, २०७२ (प्रस्तावना, धारा १९, २०(१), २७, २८ आदिमा रहेका संवैधानिक व्यवस्था)
★ सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५
★ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा नियमावली, २०६५
★ राष्ट्रिय सूचनाको आयोगको पुनरावेदनको कारबाही र किनारा गर्ने सम्बन्धी कार्यविधि, २०६७
★ राष्ट्रिय सूचना आयोगको निवेदनको कारबाही र किनारा गर्ने सम्बन्धी कार्यविधि, २०६७

Question Bank Nepal

★ राष्ट्रिय सूचना आयोगको बैठक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०६७
★ सूचनाको हक कार्यान्वयन निर्देशिका, २०६६
★ सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ (बोलपत्र सम्बन्धी सूचना)
★ आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४
★ शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना
★ मुलुकी ऐन, २०२० (अदालती बन्दोबस्तको महलको ११० नं. समेत)
★ प्रवक्ताको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०६३
★ नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि, सम्झौतामा भएका सूचनाको हकसँग सम्बन्धित प्रावधानहरू ।

**मौजुदा संस्थागत व्यवस्था**

★ सम्पूर्ण सार्वजनिक निकाय (सूचना अधिकारी/ कार्यालय प्रमुख)
★ राष्ट्रिय सूचना आयोग तथा पुनरावेदन अदालतहरू
★ सूचना तथा सञ्चार मन्त्रालय र यस मातहतका निकायहरू
★ प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा रहेको हेलो सरकार कक्ष
★ सर्वोच्च अदालत (असाधारण क्षेत्राधिकार प्रयोग)
★ सूचना विभाग तथा प्रेस काउन्सिल
★ हुलाक सेवा विभाग र मातहतका कार्यालय
★ राष्ट्रिय सतर्कता केन्द्र
★ सार्वजनिक खरिद अनुगमन कार्यालय
★ व्यवस्थापिका संसद आदि ।

नेपालमा माथि उल्लेखित मौजुदा कानूनी र संस्थागत व्यवस्थापको अलावा सार्वजनिक सुनुवाई सम्बन्धी कार्यक्रमहरू, प्रेस जगत र विद्युतीय सञ्चार माध्यम तथा पत्रपत्रिका, विभिन्न निकायहरू आधिकारिक वेभसाइटहरू, संसदीय सुनुवाई, विश्व थाहा दिवस (२८ सेप्टेम्बर), सम्बन्धी कार्यक्रम आदि मार्फत पनि सूचनाको हकलाई ग्यारेन्टी गर्नेतर्फ महत्वपूर्ण योगदान पुग्दै आएको पाइन्छ ।

**सूचनाको हक सम्बन्धमा न्यायिक दृष्टिकोण**

(क) निवेदक अधिवक्ता बालकृष्ण न्यौपाने वि. तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समेत (टनकपुर बाँध परियोजना सम्बन्धी मुद्दा, (नैकाप २०५३, पृष्ठ २१०) – यस मुद्दामा सूचनाको हक, पारदर्शिता र सार्वजनिक महत्वको विषय बारेमा व्याख्या गर्दै सार्वजनिक महत्वका विषयमा आफूले अपनाएको नीति र गरेको निर्णय तथा कामहरूका सम्बन्धमा जानकारी दिने कर्तव्य सरकारको हो । यस्तो सूचना माग्ने र पाउने नागरिकको मौलिक अधिकार हुने भनी व्याख्या भएको छ ।

(ख) निवेदक गोपाल शिवाकोटी समेत वि. जलश्रोत मन्त्रालय समेत (अरुण तेस्रो परियोजना सम्बन्धी मुद्दा) – यस मुद्दामा सर्वोच्च अदालतले सूचनाको हकको स्थिति र सन्दर्भलाई व्यापक रुपमा विशलेषण गरेको छ । यही मुद्दाको रोहमा सूचनाको हक सम्बन्धी छुट्टै कानून नबनेको तत्कालीन अवस्थाबारे चर्चा गर्दै सूचनाको हकसम्बन्धी छुट्टै कानून नबनेसम्मको लागि कानूनमा रहेको अभाव पूर्ति गर्नको लागि आठ सूत्रीय निर्देशन समेत जारी गरेको थियो ।

(ग) निवेदक काशी दहाल वि. मन्त्रीपरिषद सचिवालय (लुम्बिनीमा अवस्थित मायादेवी मन्दिर सार्ने र पवित्र पीपलको रुख काट्ने सम्बन्धी विवाद) – पत्रपत्रिकामा प्रकाशित समाचारको आधारमा दर्ता भएको यस रिट निवेदनलाई मान्यता दिई सो समाचारको सम्बन्धमा सार्वजनिक रुपमा सूचना प्रवाह गर्न सर्वोच्च अदालतले सरकारलाई आदेश जारी गरेको थियो । जबकी यसभन्दा अगाडिका मुद्दाहरूमा रिट निवेदकहरूलाई मात्र सूचना दिनु भन्ने जस्ता आदेशहरू जारी हुने गरेका थिए ।

**(२) शासनको सन्दर्भमा शक्ति पृथकीकरण तथा शक्ति नियन्त्रण र सन्तुलनको सिद्धान्त बारेमा चर्चा गर्दै मन्टेस्क्युले सिफारिस गरेअनुसारको शक्ति पृथकीकरणको सुत्र कार्यान्वयन सम्भव छ ? उल्लेख गर्नुहोस ।**

**शक्ति पृथकीकरणको सिद्धान्त (Seperation of power)**

*"Power tends to corrupt, absolute power corrupts absolutely."*

राज्य शक्तिलाई सरकारका प्रमुख तीन अंगहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा विनियोजन गरी कार्य स्वतन्त्रता प्रदान गर्दै राज्यको शासन प्रणाली सञ्चालन गर्ने पद्दतिलाई Seperation of power को सिद्धान्त भनेर बुझिन्छ । यस सिद्धान्तको प्रमुख उद्देश्य भनेको शासन सञ्चालनमा निरंकुशताको अन्त्य गरी Poeple's liberty को प्रत्याभूति गराउनु हो ।



Question Bank Nepal


शक्ति पृथकीकरणको सिद्धान्तका आधुनिक व्याख्याता फ्रान्सेली दार्शनिक मन्टेस्क्यू हुन् । Montesquieu ले सन् १७४८ मा यस सिद्धान्तको आधुनिक व्याख्या गर्नु पूर्व पनि Aristotle, Plato, Rousseou, हब्स, सिसेरो, लक जस्ता विभिन्न दार्शनिकहरूले यसको महत्व र आवश्यकतालाई विभिन्न समयमा औंल्याएका थिए । Montesquieu को यस सिद्धान्तलाई स्पष्ट पार्ने क्रममा Wade and philip ले यसरी सुत्रबद्ध गरेका छन् :-

(१) राज्यको समग्र शक्तिलाई कार्यपालिकीय, विधायिकी र न्यायिक शक्ति गरी तीन भागमा बाँडी कार्यकारिणी शक्ति कार्यपालिका, विधायिकी शक्ति व्यवस्थापिका र न्यायिक शक्ति न्यायपालिका गरी तीन छुट्टा-छुट्टै अंगले प्रयोग गर्ने गरी तोक्नु पर्दछ ।

(२) सरकारको एक अंगले अर्को अंगको कार्य गर्नु हुँदैन ।

(३) एक अंगले अर्को अंगको कार्य सम्पादनमा नियन्त्रण वा हस्तक्षेप पनि गर्नु हुँदैन ।

(४) एउटा व्यक्ति एकै समय सरकारको एक भन्दा बढी अंगको सदस्य हुन नहुने ।




Montesquieu का अनुसार राज्य/सरकारका अंगहरू Structural and Functional रुपमा स्वतन्त्र रही शासन प्रणाली सञ्चालन भएमा मात्र पूर्ण प्रजातन्त्र सम्भव हुन्छ । त्यसैले यो सिद्धान्तलाई प्रजातन्त्रको आधारस्तम्भको रुपमा लिईन्छ । यस सिद्धान्त अनुसार राज्यका तीन वटै अंगहरू एक अर्काबाट भिन्न रही आ आफ्नो काम कारबाही आ आफ्नो ढंगले सम्पादन गर्न सक्षम रहन्छन् । Montesquieu ले उक्त सिद्धान्त व्याख्या गर्ने क्रममा निम्न कुरा बताएका छन् :-

(क) व्यवस्थापकीय र कार्यपालिकीय अधिकार एक व्यक्ति वा समूहको हातमा रहेमा जथाभावी कानून बन्ने र त्यसको जथाभावी प्रयोग गरिने हुन्छ ।

(ख) व्यवस्थापिका र न्यायपालिका सम्बन्धी हक एक व्यक्ति वा समूहको हातमा रहेमा जथाभावी रुपमा कानून बन्ने र त्यसको जथाभावी व्याख्या गर्ने कार्य हुन्छ ।

(ग) कार्यपालिकीय अधिकार र न्यायपालिकीय अधिकार एकै ठाउँमा रहेमा न्यायाधीशले दमन र हिंसाको मार्ग अवलम्बन गर्न सक्ने हुँदा नागरिक अधिकार कुण्ठित हुन्छ ।

(घ) व्यवस्थापकीय, कार्यपालिकीय र न्यायपालिकीय तीनवटै अधिकार एकै ठाउँमा रहेमा Everything is End हुन्छ ।

राजनैतिक विकासको क्रममा राज्यको भूमिका तथा महत्वको साथसाथै जनताको Basic and fundamental Rights हरूलाई सुरक्षित गर्न र सरकारलाई निरंकुश बन्न नदिनको लागि राज्यका अंगहरूको शक्ति र कार्यलाई पृथक गर्न नै यस सिद्धान्तको प्रतिपादन भएको हो ।

वास्तवमा शक्ति पृथकीकरणको सिद्धान्त शक्ति नियन्त्रण र सन्तुलनको सिद्धान्तको अभावमा पूर्ण बन्न सक्दैन । तसर्थ वर्तमान सन्दर्भमा शक्ति पृथकीकरण भन्नासाथ शक्ति नियन्त्रण र सन्तुलन सहितको शक्ति पृथकीकरणलाई बुझिन्छ । किनकी शक्ति नियन्त्रण तथा सन्तुलनको सिद्धान्त पनि शक्ति पृथकीकरण सम्बन्धी मन्टेस्क्यूको सिद्धान्तलाई पूर्णता दिनको लागि परिपूरक सिद्धान्तको रुपमा एकै साथ कार्यान्वयन हुन्छ ।

**शक्ति नियन्त्रण र सन्तुलनको सिद्धान्त (Checks & Balance)**

राज्यको उद्देश्य हासिल गर्ने सन्दर्भमा राज्यको शक्तिलाई राज्यका अंगहरूबीच विनियोजन गर्दै ती अंगहरूबीच आपसी समन्वय, सहयोग सहकार्य र अन्तरनिर्भरताको माध्यमबाट राज्य सञ्चालन गर्ने सिद्धान्तलाई Doctrine of check and Balalce भनिन्छ । राज्यलाई Organic Whole को रुपमा स्वीकार गरी प्रणालीगत रुपमा राज्य सञ्चालन गर्न यो नियन्त्रण तथा शक्ति सन्तुलनको सिद्धान्तले जोड दिएको छ ।

यो सिद्धान्तको आधारभूमी शक्ति पृथकीकरण हो, किनकी शक्ति पृथकीकरण सिद्धान्तमा अन्तरनिहित कमजोरी हटाई त्यसलाई व्यवहारिकता प्रदान गर्न Check and Balance Theory को विकास भएको हो । त्यसैले यो सिद्धान्त Seperation of power सिद्धान्तको विरुद्धमा नभई त्यस सिद्धान्तको complementary सिद्धान्त हो ।

नागरिक स्वतन्त्रताको पूर्ण प्रत्याभूति दिनको लागि राज्यका अंगहरूबीच एक आपसमा उचित नियन्त्रण र सन्तुलन आवश्यक हुने भएकाले अमेरिकन नागरिक तथा पूर्व राष्ट्रपति John Adams ले अमेरिकन संविधान निर्माणको सन्दर्भमा Check and Balance सिद्धान्तको विकास गरेका हुन् । शक्ति सन्तुलन सिद्धान्तको सार नै राज्यका प्रत्येक अंगहरू एक अर्काबाट स्वतन्त्र रहनुपर्दछ र

Question Bank Nepal

एक अर्काको काम कारबाहीलाई एक अर्कालेे नियन्त्रण गरी सन्तुलन गरी कायम राख्नु पर्दछ तथा कुनै पनि अंग स्वेच्छाचारी बन्ने स्थिति हुनु हुँदैन भन्ने हो ।

सरकारका अंगहरूबीच collaboration, cooperation, coordinations and facilitation मा यस सिद्धान्तले जोड दिन्छ । अर्थात यसले अधिकार र कर्तव्यबीच सन्तुलन कायम गर्ने र शासन व्यवस्थालाई सही पथमा सही ढंगले गति प्रदान गर्ने कार्यमा जोड दिन्छ । शक्तिपृथकीकरणको सिद्धान्तको उप-सिद्धान्तको रुपमा रहेको यो सिद्धान्त Democracy को आधार स्तम्भ हो । प्रजातान्त्रिक शासन प्रणाली भएका विश्वका मुलुकहरूले यस सिद्धान्तलाई प्रयोगमा ल्याएको पाइन्छ । नेपालमा पनि शक्तिपृथकीकरणको सिद्धान्तको साथ-साथै यो सिद्धान्तलाई पनि अत्यन्तै महत्व दिएको पाइन्छ ।

**मन्टेस्क्यूको शक्ति पृथकीकरणको सिद्धान्त र कार्यान्वयन**

वर्तमान राज्य व्यवस्थामा मन्टेस्क्यूले सिफारिस गरेजस्तो सरकारका तीन अंगहरूको बीचमा पूर्ण रुपमा शक्ति पृथकीकरणको प्रयोग सम्भाव्य देखिँदैन । व्यवहारमा शक्ति पृथकीकरण निरपेक्ष रुपमा होइन सापेक्ष रुपमा मात्रै सम्भव हुन सक्दछ । शक्ति पृथकीकरणको सिद्धान्तलाई बेलायत, फ्रान्स र संयुक्त राज्य अमेरिका जस्ता प्रजातन्त्रका अग्रणी देशहरूले आ-आफ्नो किसिमले प्रयोगमा ल्याएका छन् । बेलायतमा यस सिद्धान्तलाई अत्यन्त सीमित, फ्रान्समा परिवर्तित र अमेरिकामा अपेक्षाकृत धेरै हदसम्म व्यवहारमा उतारिएको पाइन्छ ।

★ शक्ति पृथकीकरणको प्रयोग संरचनागत रुपमा व्यक्तिगत शक्तिपृथकीकरण र कार्यात्मक रुपमा अँगिक शक्तिपृथकीकरण गरी दुई रुपमा भएको पाईन्छ ।

★ अमेरिका जस्ता अध्यक्षात्मक शासन प्रणाली भएको मुलुकमा संरचनात्मक रुपमा व्यक्तिगत शक्ति पृथकीकरण सम्भव हुन्छ र गरेको समेत पाईन्छ ।

★ नेपाल जस्ता संसदीय शासन प्रणालीमा शक्ति पृथकीकरण सिद्धान्तको दृष्टिकोणले संरचनागत रुपमा व्यक्तिगत शक्ति पृथकीकरण सम्भव नभएकोले कार्यात्मक रुपमा अँगिक शक्ति पृथकीकरण भएको पाईन्छ ।

★ त्यसैले अध्यक्षात्मक शासन प्रणालीको तुलनामा संसदीय शासन प्रणालीमा शक्ति पृथकीकरणको सिद्धान्तको मन्टेस्क्यूले भनेझैं गरी कठोर प्रयोग सम्भव हुँदैन ।

★ सरकारका तीन अंगहरूले प्रणालीगत रुपमा कार्य गरिरहेका हुन्छन् । तिनीहरू अलग अलग शरीर होइनन् एउटै शरीरका अलग अलग अंगहरूहरू मात्र हुन् ।

★ शक्ति पृथकीकरणको सापेक्ष प्रयोगबाट मात्रै मुलुकको शासन व्यवस्था प्रभावकारी ढंगले सञ्चालन हुन सक्दछ । व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले समग्र शासन प्रणालीमा अन्तर समन्वयको आधारमा कार्य गर्दछन् ।

★ शक्ति पृथकीकरणको निरपेक्ष प्रयोग प्राय असम्भव नै देखिन्छ । वर्तमान शासन व्यवस्था सहभागितात्मक तथा अन्तर निर्भरताको आधारमा मात्र सक्षम एवम् प्रभावकारी ढंगले सञ्चालन हुन सक्ने कुरा सिद्ध भई सकेको छ ।

★ समयानुकुल अपेक्षित र व्यवहारिक शासन प्रणाली शक्ति पृथकीकरणमा होइन शक्ति सन्तुलनमा निर्भर रहन्छ ।

अन्त्यमा, राज्यको शक्ति वा सार्वभौमसत्तालाई नटुक्राई यसको कार्यलाई राज्यको अंगहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा विभाजन गरी उक्त अंगहरू मार्फत स्वतन्त्रतापूर्वक राज्यको सञ्चालन गर्ने पद्दतिको सिद्धान्त नै शक्ति पृथकीकरणको सिद्धान्त हो । यस सिद्धान्तलाई असफल हुनबाट जोगाई राख्नको लागि यसै अन्तर्गतको उप सिद्धान्त नै शक्ति सन्तुलन तथा नियन्त्रणको सिद्धान्त हो । शक्ति पृथकीकरणका सिद्धान्तका सम्बन्धमा विभिन्न आलोचनाहरू उत्पन्न भएपनि एकातर्फ यस सिद्धान्तलाई अस्वीकार गर्न सकिँदैन भने अर्को तर्फ यसलाई पूर्ण रुपमा कार्यान्वयन गर्न पनि सकिदैन । देश, काल, परिस्थिति अनुसार प्रत्येक राष्ट्रले घटी वा बढी रुपमा उक्त सिद्धान्त आफ्नो शासन व्यवस्थामा लागू गरी आएका पनि छन् ।

**(३) संघीयता (Federalism) को अर्थ स्पष्ट पार्नुहोस् । नेपाललाई संघात्मक राज्य बनाउनु पर्नाका कारणहरु बारेमा चर्चा गर्दै नेपालमा संघीयता निर्माण गरी सफलतापूर्वक कार्यान्वयन गर्न ध्यान दिनु पर्ने बुँदाहरु उल्लेख गर्नुहोस् ।**

**संघीयता (Federalism) को अर्थ**

★ संघीयता अंग्रेजी शब्द "Federalism" को नेपाली रुपान्तरण हो । फेडरालिज्म शब्द ल्याटिन भाषाको फोडस (Fodus) शब्दबाट लिइएको हो । फोडस शब्दको अर्थ सन्धी अथवा सम्झौता हुन्छ ।

Question Bank Nepal

★ सामूहिक उद्देश्य प्राप्तीका लागि संविधानद्वारा देशको शासकीय शक्ति केन्द्र र तल्ला तहका सरकारमा विभाजन गरिनु नै संघीयता (Federalism) हो ।

★ कम्तीमा दुई तहको सरकार, संविधानबाटै राज्यशक्तिको विभाजन, लिखित संविधानको सर्वोच्चता, स्वतन्त्र एवम् सक्षम न्यायपालिका, संघीय नीति निर्माणमा सबै प्रदेशको सहभागिता, सरकारहरुको तहगत साझेदारी र सहयोगात्मक सम्बन्ध संघीयताका मूलभूत गुणहरु हुन् ।

★ राज्यको शक्ति र अधिकार एउटै केन्द्रमा नरहने मान्यता नै संघीयताको आधारभूत सिद्धान्त भएकोले संघीयतालाई विकेन्द्रीकरण भन्दा अकेन्द्रीकरणका रुपमा बुझ्नु पर्ने हुन्छ ।

★ विकेन्द्रीकरण केन्द्रले प्रदान गरेका अधिकारहरुलाई अभ्यास गर्ने प्रक्रिया हो भने संघीयता एउटै केन्द्रमा शक्ति नरहने वा राज्यशक्तिको बाँडफाँड एवम् व्यवस्थापन मूल कानुन (संविधान) मा नै स्पष्ट गरिने अवस्था हो ।

★ संघीयता केवल स्वायत्त शासन मात्र नभई यो त साझा शासन पनि हो । किनकी संघीय केन्द्रीय संरचना पनि सबै प्रदेशहरुको प्रायः समानुपातिक वा समान प्रतिनिधित्वमा नै निर्माण हुने हुँदा संविधान संशोधन, संघीय कानुन निर्माण आदि जस्ता संघीय कार्यक्षेत्रमा रहेका विषयमा प्रदेशका प्रतिनिधिहरु समेत रहेको निकायहरुबाट कार्य सम्पादन गरिन्छ ।

★ स्वायत्तता र स्वतन्त्रता सहितको एकताको रुपमा लिइने संघीयताले बहुलता र विविधताको संयोजन गर्दै धार्मिक, जातीय र सांस्कृतिक विविधतालाई एकीकरण गर्न मद्दत गर्ने विश्वास गरिन्छ ।

★ विभिन्न विद्वानहरुले विभिन्न ढंगले संघीयताको बारेमा व्याख्या विवेचना गर्ने गरेकोले संघीयता अर्थात् संघात्मक शासन प्रणालीको सर्वस्वीकार्य व्याख्या एवम् सर्वमान्य ढाँचा पाउन कठिन हुन्छ ।

- *"निश्चित उद्देश्य प्राप्तीका लागि केन्द्रमा सह शासन र अन्य उद्देश्य प्राप्तीका लागि प्रदेश र स्थानीय तहमा स्वायत्त शासनको समिश्रण संघीयता हो ।" – **रोनाल्ड वाट्सन***
- *"संघात्मक शासन राज्यको यस्तो समुदाय हो जसले नयाँ राज्य निर्माण गर्दछ ।" – **हेमिल्टन***
- *"संघात्मक सरकार एक यस्तो सम्झौता हो जसद्वारा धेरै मिल्दा जुल्दा राज्यहरु एउटा ठूलो राज्यको सदस्य बन्न सहमत हुन्छन् ।" – **मन्टेस्क्यू***

★ माथि विद्वानहरुका परिभाषाहरुबाट समेत के स्पष्ट हुन्छ भने संघीय राज्य दुई तरिकाले निर्माण हुन सक्दछ । पहिलो हो, पृथक-पृथक राज्यहरु मिलि एक आपसमा सम्झौता गरी संघात्मक राज्यको निर्माण गरेर जस्तो कि संयुक्त राज्य अमेरिका । दोस्रो हो, एकात्मक राज्य, विभिन्न राज्य/प्रदेशमा विभाजन गरी केन्द्र र प्रदेशबीच शक्ति विभाजन गरेर जस्तो कि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल ।

★ अन्त्यमा के भन्न सकिन्छ भने विभिन्न तहका सरकारहरुका बीचको सहकार्य वा राज्य शक्तिमा हिस्सेदारीको समिश्रण गर्नु नै संघीयता हो । बहुलता र विविधताको संयोजन लोकतन्त्रको आधारभूत विशेषता हो भने संघीयताको पनि मूल चुरो यही नै भएकोले संघीयता र लोकतन्त्रलाई अलग गर्न सकिँदैन ।

**संघात्मक सरकारका लागि नभई नहुने प्रमुख लक्षणहरु**

- केन्द्र, प्रदेश र स्थानीय सरकार बीच संविधानमा नै शक्तिको विभाजन,
- संवैधानिक सर्वोच्चता,
- स्वतन्त्र एवम् सक्षम न्यायपालिका,
- सरकारका सबै तहहरुले जवाफदेही भई कार्य सम्पादन,
- नयाँ संघ निर्माणमा सबैको भलाई,
- इमान्दार र क्रियाशील सरकारका तहहरु ।

**नेपाललाई संघात्मक राज्य बनाउनुका कारणहरु**

संघीय राज्यको निर्माण दुई तरिकाले हुने गर्दछ । पहिलो तरिका अनुसार स्वतन्त्र एवम् पृथक राज्यहरुबीच संघ निर्माण गर्न एक आपसमा सम्झौता गरी संघीय राज्यको निर्माण हुन्छ भने दोस्रो तरिकाअनुसार एकात्मक राज्यलाई संघात्मक राज्यमा रुपान्तरण गरिन्छ । हाम्रो देश नेपाललाई दोस्रो तरिकाले संघीय राज्यमा रुपान्तरण गरिएको छ । कुनै पनि एकात्मक राज्य सत्ता भएको मुलुकलाई संघात्मक बनाउनु पर्ने मूल कारण जनताको राजनीतिक आकांक्षा नै हुने गर्दछ । तर जनताको राजनीतिक आकांक्षा निर्माणका पछाडि विभिन्न कारणहरु रहेका हुन्छन् । एकात्मक राज्यका रुपमा रहेको हाम्रो देश नेपालको संघात्मक राज्य बनाउनु पर्ने कारणहरुलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :-

★ नेपाली जनताले विभिन्न आन्दोलनमार्फत जाहेर गरेको राजनीतिक आकांक्षा नै मूल कारण हो ।

★ विकेन्द्रीकरणलाई केवल नारामा मात्र सीमित गरी सही अर्थमा शक्ति विकेन्द्रीकरण गर्न नचाहने विगतको शासकीय मानसिकता ।

Question Bank Nepal